जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ३४, २०७५ साल पुस ६ गते शुक्रबार, नेपाल संवत् ११३९ (Dec. 21, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## समायोजन अध्यादेश विरुद्ध कर्मचारी

काठमाडौं । ट्रेड युनियन संयुक्त आन्दोलन परिचालन समितिले पुष १ गतेदेखि १० गतेसम्म स्थानीय तहका कामकाज ठप्प पार्ने चेतावनी दिएका छन् । कर्मचारी समायोजन अध्यादेशप्रति असहमति जनाउँदै उनीहरुले यस्तो चेतावनी दिएका हुन् ।

उनीहरूले पत्रकार सम्मेलन आयोजना गरेर पहिलो चरणका दबाबमूलक कार्यक्रम सार्वजनिक गरेका छन् । सुरुमा प्रचारात्मक कार्यक्रम गरेर विरोध जनाउने र त्यसपछि पनि माग **बाँकी ८ पेजमा**

## बन्ने भयो मोनोरेल

काठमाडौं । काठमाडौं महानगर र चिनियाँ कम्पनीबीच चक्रपथमा मोनोरेल सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माणसम्बन्धी सम्झौता भएको छ । चाइना रेलवे २५औं ब्युरो ग्रुप कम्पनीले मनोरेल सञ्चालनका लागि डीपीआर गर्ने भएको हो । हालै काठमाडौं महानगरपालिका प्रमुख विद्यासुन्दर शाक्य र रेलवे कम्पनीका ओभरसिज बिजनेस म्यानेजमेन्ट विभाग प्रमुख भ्यु ग्वाङविङले यस सम्झौतामा हस्ताक्षर गरेका छन् । मोनोरेलको संरचना निर्माणगर्दा भौतिक संरचना र घर भत्काउन नपर्ने महानगरपालिकाले बताएको छ । मोनोरेल निर्माणका लागि करिब १ खर्ब १६ अर्ब लाग्ने अनुमान छ ।

# भारतमा घट्यो मोदीको क्रेज

काठमाठौं । सन् २०१९ मा हुने लोकसभाको चुनावको सेमिफाइनलका रुपमा देखिएको पाँचवटा प्रदेश चुनावमा भारतको सत्ताधारी दल भारतीय जनता पार्टी (भाजपा) ले नराम्रो धक्का व्यहोरेको छ । भारतीय राजनीतिक विश्लेषकहरु यतिबेला भाजपा पराजयको कारण पर्गेल्न व्यस्त छन् । कतिपयले प्रधानमन्त्री नरेन्द्र मोदीले किसानलाई उत्पादनमा वृद्धि गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु ल्याउन नसकेकाले किसानहरुको मत भारतीय राष्ट्रिय कांग्रेसमा गएको तर्क गरेका छन् । राजस्थान, छत्तिसगढ र मध्य प्रदेशका किसानहरुले सरकारसँग ऋण मिनाहाका लागि आग्रह गर्दै आएका थिए । तर सरकारले किसानका पक्षमा कुनै ठोस नीति नै ल्याएन । सरकारसँग रुस्ट किसानहरुले चुनावताका कांग्रेसले गरेको ऋण मिनाहाको प्रतिबद्धतालाई विश्वास गर्दै कांग्रेसलाई जिताएको विश्लेषण गरिएको छ ।

अगस्टा बेस्टल्यान्ड कम्पनीसँग खरिद गरेको हेलिकप्टर प्रकरण नै भाजपा हारको मुख्य कारक रहेको तर्क अघि सारिएको छ । भारतमा भीआईपीका लागि सन् २०१० मा कांग्रेस आई नेतृत्वको सरकारका पालामा अगस्टा बेस्टल्यान्डको एडब्लु १०१ हेलिकप्टर खरिद गर्ने सम्झौतामा हस्ताक्षर हुँदा अनियमितताको घटना बाहिर आएको थियो । १२ वटा हेलिकप्टर ३६ अर्ब भारतीय रुपैयाँमा खरिद गर्ने सम्झौता विवादमा परिरहँदा सन् २०१३ मा कम्पनीका प्रमुख कार्यकारी अधिकृत ब्रुनो स्पाग्लोलिनी र फिनमेकानिकका कम्पनीका प्रमुख गिउसेउपी ओर्सी भारतीय एयर फोर्सलाई हेलिकप्टर खरिद गराउन घूस दिएको आरोपमा पक्राउ परे । भारतीय हवाई सेनाका प्रमुख एसपी अगस्टा बेस्टल्यान्ड समेत पक्राउ परेका थिए । हेलिकप्टर खरिद सम्झौता विवादमा परेपछि मनमोहन सिंह नेतृत्वको सरकारले सम्झौता रद्द गरी रकम फिर्ता ल्याएको थियो । हेलिकप्टर खरिद प्रकरणमा तत्कालीन कांग्रेस अध्यक्ष सोनिया गान्धी समेत विवादमा परेकी थिइन् । हेलिकप्टर खरिद उक्त प्रकरणले सन् २०१४ को लोकसभा निर्वाचनमा कांग्रेस नमज्जाले पराजित भएको थियो । हेलिकप्टर उत्पादक कम्पनी अगुस्टा बेस्टल्यान्ड भारतमा बिचौलियामार्फत कमिसन दिलाउन सक्रिय रहेको तथ्य फेला परेपछि नेपालमा यही कम्पनीको हेलिकप्टर खरिद गरिनुमा कमिसनको खेल रहेको प्रस्ट हुन्छ । भारतमा हेलिकप्टर खरिदमा बिचौलिया बनेका मिकेलमाथि कम्पनीबाट सवा दुई अर्ब भारतीय रुपैयाँ लिएको आरोप लागेको छ । नेपाली सेनाले डेढ अर्ब रुपैयाँमा अगस्टा बेस्ट ल्यान्ड हेलिकप्टर खरिद गरेर सबैलाई आश्चर्यमा पारेको छ ।



अगामी वैशाखमा हुने लोकसभा निर्वाचनको पूर्वसन्ध्यामा भएको पाँच राज्यको विधानसभा निर्वाचनलाई सत्ताको सेमीफाइनल भनिएको थियो । राजस्थान, छत्तिसगढ, मध्यप्रदेश, मिजोरम र तेलांगनामा भएको विधानसभा निर्वाचनमा कांग्रेसले भारतीय जनता पार्टीलाई कतिपय ठाउँमा धुलो चटाएको छ ।

कतिपय स्थानमा कांग्रेसले २०१३ को निर्वाचनभन्दा कम सिट ल्याए पनि सो स्थानमा बिजेपी होइन, क्षेत्रीय दल हावी भएका छन् । छत्तिसगढ र राजस्थानमा विजेपीलाई धुलो चटाउँदै कांग्रेसले एकलौटी सरकार बनाउने बहुमत प्राप्त गरेको छ ।

प्रधानमन्त्रीका रूपमा नरेन्द्र मोदीको उदयपछि सिधासिधी लडाइमा पहिलो पटक कांग्रेसले विजेपीलाई हराएको हो । तर, मिजोरममा भने कांग्रेसले ठूलो धक्का सहनु परेको छ । कांग्रेसको सत्ता रहेको मिजोरममा क्षेत्रीय दल मिजो नेशनल फ्रन्टले बहुमत प्राप्त गरेको छ । त्यस्तै तेलांगनामा पनि टिआरएसले दुईतिहाइ बहुमत ल्याएको छ ।

यो चुनावी नतिजाले सबै दलका लागि एउटा नयाँ संकेत गरेको छ । यसले आगामी लोकसभा निर्वाचनमा कतिपय नयाँ समिकरणलाई जन्म दिन पनि सक्नेछ । पाँच प्रदेशमा भएको विधान सभा निर्वाचनमा खासगरी ठूला तीन प्रदेश राजस्थान, छत्तिसगढ र मध्यप्रदेशको परिणामले कांग्रेसलाई संजिवनी बुटीको काम गरेको छ ।

यो सफलतापछि कांग्रेसले अब २०१९ मा हुने लोकसभाको निर्वाचनमा क्षेत्रीय दलका नेताहरू मायावती, अखिलेश यादव, ममता वनर्जी, शरद् पवार र चन्द्रबाबु नायडुसंग टेबुल वार्ता गर्न सक्नेछ । उता, 'कांग्रेस मुक्त भारत' को नारा लगाएको विजेपीलाई लोकसभा निर्वाचनअघिको यो निर्वाचनले ठूलो धक्का दिएको छ । विजेपीका मास्टर स्ट्रोक मानिने प्रधानमन्त्री मोदी र उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले मध्यप्रदेश, राजस्थान र छत्तिसगढमा जोडतोडले चुनाव प्रचार गरेका थिए । तर, त्यहीँ विजेपीले नराम्रो हार बेहार्नु परेको छ ।

मध्यप्रदेशमा २ सय ३० सिटका लागि भएको निर्वाचनमा कांग्रेस एक्लैले १ सय १८ सिट जितेको छ । २०१३ को निर्वाचनमा ५८ सिटमा खुम्चिएको कांग्रेसले यस पटक ६० सिट बढी जितेर बहुमत प्राप्त गरेको हो । त्यही विजेपी खुम्चिएर १ सय ३ मात्रमा चित्त बुझाउनु परेको छ । उसले २०१३ को निर्वाचनमा १ सय ६५ सिट जितेको थियो भने यस पटक ६२ सिट गुमाएको छ । राजस्थानमा १ सय ९९ सिटका लागि निर्वाचन भएकामा कांग्रेसले १ सय ४ सिटमा विजय हासिल गरी स्पष्ट बहुमत ल्याएको छ । कांग्रेसले २०१३ को चुनावमा राजस्थानमा २१ सिटमा चित्त बुझाउनु परेको थियो भने यस पटक ८३ सिट बृद्धि गरेको छ । छत्तिसगढमा ९० सिटका लागि भएको निर्वाचनमा कांग्रेसले ६४ स्थान हात पारेको भने विजेपी १८ सिटमा खुम्चिएको छ । छत्तिसगढमा कांग्रेसले २५ सिट नाफा कमाएको छ भने विजेपीले ३१ सिट गुमाएको छ ।

राजस्थान र मध्य प्रदेशमा कांग्रेस सत्तामा थिएन भने अघिल्लो निर्वाचनमा मत प्रतिशत हिसाब गर्ने हो भने भाजपाभन्दा निकै पछि थियो । यो निर्वाचनको परिणामले भारतका पाँचमध्ये चार राज्यका जनताले सत्ता परिवर्तन चाहे भन्ने मात्रै अर्थ लाग्दैन, सत्ताधारी भारतीय जनता पार्टीसँग रुष्ट हुँदै छन् र भाजपाले सरकारमा रहेर गरेका गतिविधिलाई नजिकबाट नियालिरहेका छन् भन्ने पनि देखिन्छ । निर्वाचनको यो नतिजाले आगामी सन् २०१९ मा **बाँकी ८ पेजमा**

## यसरी उठ्दैछ नेकपा माले

काठमाडौं । नेकपा (माले) को सातौं केन्द्रीय कमिटीको दशौं पूर्ण बैठक पुस २ देखि ५ गतेसम्म केन्द्रीय कार्यालयको सभाहलमा सम्पन्न भएको छ । महासचिव सीपी मैनालीले बैठकका सहभागी कमरेडहरुलाई स्वागत गर्दै बैठकको उद्घाटन गरेर एजेन्डाहरु प्रस्तुत गर्नुभएको थियो । महासचिव मैनालीले नेकपा (माले) लाई निर्वाचनले रचनात्मक प्रतिपक्षको भूमिकामा पुर्‍याएकाले कुनै तहका संसदीय गतिविधिमा नभए तापनि रचनात्मक, क्रान्तिकारी र सशक्त प्रतिपक्षको भूमिका कति निभाउन सक्यौं, त्यसको समीक्षा बैठकले गर्नेछ भन्नुभयो । त्यसैगरी पार्टीले लिएको हामी फेरि उठ्नेछौं भन्ने संकल्प राजनीतिक अभियानको समीक्षा र पार्टीका भावी रणनीति तय गर्ने उद्देश्यले बैठक आह्वान गरेको जानकारी गराउनुभयो ।




'प्रतिबद्ध बनौं, राजनीतिलाई अग्राधिकार दिँदै संघर्ष र संगठन कार्यमा लागौं' शीर्षकमा प्रस्तुत महासचिवको राजनीतिक प्रतिवेदन बैठकमा विस्तृत छलफल गरी पारित भएको छ । महासचिवको प्रतिवेदनमा नवौं पूर्ण बैठकका निर्णयहरुको कार्यान्वयनबारे जानकारी गराइएको छ । नवौं पूर्ण बैठकको निर्णयअनुसार संकल्प राजनीतिक अभियान सञ्चालन गरी पार्टीका गतिविधि मुलुकभर पुर्‍याउने उद्देश्यले गत भदौ १५ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगरबाट ऱ्याली प्रदर्शन र आमसभा गरी महासचिव सीपी मैनालीद्वारा अभियानको सुरुवात गरिएको थियो । मंसिर २० गतेसम्ममा १२ जिल्लाका विभिन्न स्थानहरुमा जुलुस, ऱ्याली, कोणसभा, हलसभा र आम सभाहरु सम्पन्न भइसकेका छन् र संकल्प अभियानलाई **बाँकी ८ पेजमा**

## मेलम्चीको गडबडीमा मन्त्रीको हस्तक्षेप

काठमाडौं । २०४६ सालको जनआन्दोलनपछिका पहिला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नो चुनावी अभियानमा मेलम्चीको पानी काठमाडौं ल्याएर खाने मात्र होइन, सडक पखाल्ने उद्घोष गरेका थिए । अहिले तीन दशक बितिसक्यो, धेरैजना प्रधानमन्त्री फेरिइसके तर मेलम्चीको पानी काठमाडौं आएको छैन । अहिले ठेकेदार कम्पनीका जिम्मेवार मानिसहरु नै काम छोडी बेपत्ता हुन खोजेपछि मेलम्चीमा थप अन्यौलता सिर्जना भएको छ । मेलम्चीका सनसनीपूर्ण समाचारले राष्ट्रिय दैनिकका पाना भरिएका छन् । रेडियो, टेलिभिजन र अनलाइन, सामाजिक सञ्जालहरुमा समाचार छाइरहेका छन् ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको मेलम्ची खानेपानी आयोजनाको इटालियन ठेकेदार कम्पनी सिएमसी दी रेभेन्नाले ठेक्का सम्झौता रद्द गर्न सूचना बुझाएको छ । ठेकेदार कम्पनीका जिम्मेवार प्रतिनिधिहरु स्वदेश फर्कन थालेपछि सरकारले केही व्यक्तिहरुको पासपोर्ट नियन्त्रणमा लिएको छ ।

मन्त्रालयस्थित एक सूत्रले दिएको जानकारीअनुसार एकजना विदेशी नागरिकले नै ठेकेदार कम्पनीका मानिस भाग्न लागेको पोल खोलेका थिए । कमिसनको खेलमा लागेका गिरोहले १ अर्ब ६६ करोडको चेक काटिसकेको तर भुक्तानी दिइनसकेको सूचना मन्त्रालयलाई दिएपछि चेक काट्ने चौधरी थरकी महिला कर्मचारीलाई मन्त्री बिना मगरले मन्त्रालयमा बोलाएर सोधखोज गर्दा झूटो कुरा **बाँकी ८ पेजमा**

## भारत सबैभन्दा फोहोर

कठमाडौं । भारतको राजधानी नयाँ दिल्लीमा यो समय सबैतिर आगोले जलिरहेको जस्तो गन्ध आउने गर्दछ । वास्तवमा सहरको तीन चौथाइ गाडीले प्रयोग गर्ने कार्सिनोजेनिक डिजेल, ऊर्जा उत्पादन गर्ने फोहोर कोइला र नजिकैका किसानहरूले बारी खाली गर्न जलाउने गरेका खोस्टा, फोहोरका थुप्रा र अन्तिम संस्कारका लागि वार्षिक जलाइने सहरका ४ लाख ठुठाले दिल्लीको प्रदूषण यति भयानक बनाइदिएको छ कि मानिसहरूले एक दिनभर श्वास फेर्दा त्यहाँको हावाले आधा बट्टा चुरोटको धुवाँ बराबर असर गर्ने गरेको छ । अझ खराब मौसममा त मानिसहरूले दुई बट्टा चुरोटको धुवाँमा सास फेरिरहेको अनुभूति गर्ने गरेको बताइएको छ । यसरी त्यहाँ बेइजिङमा भन्दा दुइगुना बढी धुवाँधुलो रहेको छ ।

हावा मात्र नभएर त्यहाँको ७० प्रतिशत पानीको स्रोत **बाँकी ८ पेजमा**

## राष्ट्रपति विद्याले पनि सिक्ने कि ?

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रपति भवन परिसर सानो भएको छ । लामो इतिहास बोकेको महाराजगन्जस्थित प्रहरी एकेडेमी हटाउने तयारी भइरहेको छ । उनकै लागि एकेडेमी अन्यत्र (पनौती) सारेर हेलिप्याड बनाइँदैछ । राष्ट्रपतिको कारगेडका लागि १४ करोड मूल्यका गाडी खरिद प्रक्रिया अघि बढाइएको छ । संवैधानिक राष्ट्रपतिका लागि विवादास्पद इटालियन कम्पनी अगस्टा बेस्ट ल्यान्डबाट १ अर्ब ५० करोडमा अत्याधुनिक हेलिकप्टर खरिद गरेर ल्याइएको छ । गरिब देश र भोका जनताको भद्दा मजाक गरिरहेकी छन् राष्ट्रपति भण्डारी ।

तर मेक्सिकोका नवनिर्वाचित वामपन्थी राष्ट्रपति आन्द्रेश मानुयल लोपेज ओब्राडोरले भने आफ्नो तलबको एक तिहाई रकम राज्यकोषमा **बाँकी ८ पेजमा**


## पाउल फिल्टर हस्तान्तरण

काठमाडौं । रोटरी क्लब डिल्लीबजारले एक थान पाउल पानी शुद्धीकरण गर्ने मेसिन गत बुधबार ग्रामसुधार निम्न माध्यामिक विद्यालय गोकर्ण काठमाडौंलाई हस्तान्तरण गरेको छ । जर्मनीको कास्सेल विश्वविद्यालयले आविष्कार गरेको उक्त मेसिन आइन भेल्ट फेराइनबाट जर्मन नागरिक जोसेफ एर्डरिखमार्फत निशुल्क प्राप्त भएको थियो । उक्त **बाँकी ८ पेजमा**




## समय-सन्दर्भ
# शिक्षामा सिण्डिकेट तथा माफियापन

**हर्क याक्सो**



शिक्षालाई इतिहासको कालखण्ड देखि नै कालो राहुले छोप्दै ल्याएको कुरा सर्बविधितै छ । श्री ३ जंगबहादुर राणा बेलायत भ्रमणमा जानुभएको समयमा त्यहाँको शिक्षा नीति तथा व्यवस्थाहरुको अवलोकन गरी नेपाल फर्कि आउनु भएपछि पहिलो पाठशालाको रुपमा दरबार स्कूलको स्थापना गर्नुभएको थियो । तर त्यो स्कूल केवल राणा परिवारको छोराछोरीहरुको लागि मात्र सिमित थियो । केही समय पछि निरङ्कुस राणातन्त्रको गर्भबाट श्री ३ रणोद्विप सिंह जस्ता शिक्षा प्रेमी शासकहरुको जन्म भए पनि तिनीहरुलाई कालो राहुले बाँकी राखेन ।

वि.सं. २००७ साल पछि नेपालमा प्रजातन्त्र प्राप्त भए संगै शिक्षा क्षेत्रमा लागेको कालो राहु केही हद सम्म हटेको आभास मिलेको देखिन्छ । तर शिक्षा क्षेत्रमा लागेको कालो राहुको छाँया चाँहि रहि नै रह्यो । वि.सं. २०१७ सालमा भएको राजनैतिक परिवर्तन पछि फेरी पन्चायतको रुप लिएर कालो राहु आकासमा मडारिन थाल्यो । तर त्यसले शिक्षा क्षेत्रलाई पुरै गाँज्न भ्याएन । त्यसकारण वि.सं. २०२८ साल सम्मको शैक्षिक अवस्था स्वतन्त्र रुपमा नै सन्चालन भएको थियो । अर्थात् २०२८ साल अगाडि सरकारले विद्यालय सन्चालन गर्नको लागि ५० प्रतिशत आर्थिक अनुदान प्रदान गर्थ्यो र बाँकी रकम जुटाएर शिक्षाप्रेमी जनताहरु सामाजिक आवश्यकता र आफ्नो आर्थिक क्षमता अनुसार विभिन्न तहका विद्यालयहरु स्वतन्त्र रुपमा नै सन्चालन गरिरहेका थिए । सरकारको तर्फबाट स्वीकृति र पाठयक्रम मात्र प्रदान गरिन्थ्यो । बाँकी काम जनता वा अभिभावकहरु स्वयम्बाट व्यवस्था गरिन्थ्यो । यसलाई नेपालको शैक्षिक इतिहासमा अनुपन शैक्षिक इतिहासको रुपमा पहिचान गर्न सकिन्छ । किनकि त्यस समयको विद्यालय सन्चालन, पठनपाठन र शैक्षिक गुणस्तर धेरै उन्नत थियो भन्न सकिन्छ । किनकि त्यस बेलाको शैक्षिक गुणस्तर यति राम्रो थियो कि त्यस समयको एस.एल.सी. र वर्तमान अवस्थाको प्रमाण पत्र तहको दक्षता र क्षमता बीच तुलना गर्ने हो भने झण्डै उस्तै हो भन्न सकिन्छ ।

वर्तमान अवस्थामा सरकारले शिक्षा क्षेत्रमा जे-जत्ति लगानी गरेको छ, त्यसवापत प्राप्त शैक्षिक उपलब्धीहरुको लेखाजोखा गर्ने हो भने शिक्षा क्षेत्रमा धेरै ठुलो दरार पैदा भएको देखिन्छ ।

यस दरारलाई वेलैमा निराकरण नगर्ने हो भने शिक्षा क्षेत्रमा अझ धेरै ठुलो डाँवाडोल हुने स्थिति देखिन्छ । किनकि सरकारको लगानी बालुवामा पानी हाले जस्तै भइसकेको छ । अत: यस्तै अवस्था रहेको खण्डमा जनताद्वारा अपेक्षित शैक्षिक उपलब्धीहरु कम मात्र प्राप्त हुने सम्भावना देखिन्छ ।

'सिण्डिकेट' भन्ने शब्द अंग्रेजी शब्द हो । यसको अर्थ "अधिकार प्राप्त समिति वा प्रतिनिधि सभा" भन्ने हुन्छ । तर यो शब्द नेपाली भाषामा खुब प्रचलित एवं लोकपृय हुन थालेको छ । विशेष गरी यो शब्द नेपालको यातायाता क्षेत्रमा बढी प्रचलित हुने गरेको छ । तर यो सिण्डिकेटको कुरा चाँहि यातायात क्षेत्रमा मात्र सिमित नभएर हरेक क्षेत्रमा लागु हुदै आएको देखिन्छ । शिक्षा क्षेत्रमा पनि यो 'सिण्डिकेट' व्यापक रुपमा नै लागु भएको छ । तर यस बारेमा चर्चा-परिचर्चा र व्याख्या-विश्लेषण चाँहि अलिक कम हुने **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# नारा समृद्धि व्यवहार स्वार्थमुखी

नेपाल संसारकै गरिब राष्ट्रहरूको 'टपटेन' सूचीभित्र पर्छ । मुलुकको अर्थतन्त्र खाडी मुलुकहरूको चर्को घाममा पसिना बगाएर नेपाल युवायुवतीले पठाएको रेमिट्यान्सले धानेको छ । प्राकृतिक सुन्दरताले संसारकै ध्यान खिचेको नेपालमा समृद्धिका अथाह सम्भावना भए पनि राजनीतिक नेतृत्व विलासितामा डुबेका कारण देशको अवस्था टिठलाग्दो बनिरहेको छ । अति कम विकसित नेपाल जस्तो देशका जनमतबाट निर्वाचित जनप्रतिनिधिहरू नै आफ्नो स्वार्थका लागि राष्ट्रिय ढिकुटीको जब दोहन गर्छन् भने देशले कहिले चुम्छ समृद्धिको मञ्जुल ? समृद्ध नेपाल सुखी नेपालीको लोकप्रिय नारा दिइरहेको वर्तमान कम्युनिस्ट भनिने सरकारले गन्तव्य समाजवाद बनाएको छ तर राजशाही मोजमस्ती र सुख सुविधालाई आफ्नो प्राथमिकतामा राखेको देखिएको छ । नारा समृद्धि तर व्यवहार स्वार्थमुखी हुनुले देश विकासको गति सुस्ताएको सर्वत्र अनुभूत भइरहेको छ ।

राष्ट्रपति उपराष्ट्रपतिदेखि जनप्रतिनिधिसम्मले विलासी र सुखमय जीवन बढी रूचाउन थालेका छन् । जनताप्रति बढी जवाहदेही हुनुपर्नेमा राज्यका उच्च अंगमा बसेका व्यक्तित्व जनप्रतिनिधिहरू आफ्नो सेवा सुविधा तथा सुखी र विलासी जीवन यापनमा रमाइरहेका छन् । जनप्रतिनिधिहरू भोगविलासमा रमाउँदा निर्वाचनको समयमा बाँडेका योजना र घोषणापत्र समेत अलपत्र अवस्था हुने देखिएको छ । जनमतबाट निर्वाचित जनप्रतिनिधिहरूको मतबाट चुनिने राष्ट्रपति र उपराष्ट्रपतिको निवास विलासी बनाइएको छ । राष्ट्रपति निवास सानदार बनाउने नाममा महाराजगन्जस्थित वर्षौंदेखि सञ्चालित राष्ट्रिय प्रहरी प्रतिष्ठान नै हटाउनेसम्मको तयारी भइरहेको छ । पूर्वप्रहरी महानिरीषकदेखि प्रहरी अधिकारीहरू भने प्रहरी प्रतिष्ठान हटाउने सरकारको तयारीलाई उनीहरूले गलत भनिरहेका छन् । राष्ट्रपति भवन विस्तार गर्नु वाहियात भएको उनीहरू तर्क गर्छन् । राष्ट्रपतिको के त्यत्रो काम हुन्छ र एकेडेमी नै हटाएर परिसर बढाउनुपर्‍यो भन्ने प्रश्न जनस्तरबाट समेत उठिरहेको छ ।

राष्ट्रपतिको सवारीमा बाटो छेकेर जनतालाई दुःख र सास्ती दिने राजा महाराजाको संस्कार अझै नहटेको भनेर बेलाबखत विवादमा आउने राष्ट्रपति पछिल्लो पटक भवन विस्तारको विषयमा विवादमा परेकी छन् । यतिमात्र होइन, नेपाली सेनामार्फत राष्ट्रपति विद्यादेवी भण्डारीको कारगेडका लागि १४ करोड रूपैयाँको विलासी गाडी खरिद प्रक्रिया पनि अघि बढाएको छ । राष्ट्रपतिका लागि मात्र होइन, सुरक्षाका अगुवा र पछुवा गाडीसमेत खरिद गरिँदैछ । संवैधानिक राष्ट्रपतिका लागि त्यत्रो महँगो गाडी खरिद प्रक्रिया अघि बढाएको भन्दै चर्को आलोचना भइरहेका बेला सरकारले भीआईपीका लागि भन्दै १ अर्ब ५० करोड रूपैयाँमा १४ सिट क्षमताको इटालियन अगुस्टा बेस्ट ल्यान्ड एडब्लु १३९ हेलिकप्टर खरिद गरेको छ । सेनाले हेलिकप्टर खरिदमा खुला प्रतिस्पर्धा नअपनाई उत्पादक कम्पनीसँग वार्ताका माध्यमबाट खरिद सम्झौता गरी किनेकाले ठूलो आर्थिक घोटला भएको आशंका गरिएको छ ।

राष्ट्रपतिको मात्र नभएर उपराष्ट्रपतिको निवास समेत विलासी बनाउन लैनचौरस्थित समाज कल्याण परिषद्लाई हटाउँदैछ । हाल उपराष्ट्रपति कार्यालय निर्वाचन आयोगको भवनसँगै रहेको छ । समाज कल्याण परिषद् हटाउने निर्णयको विरोध गर्दै संघर्षमा उत्रिएका परिषद्का कर्मचारीहरूलाई परिषद्को अर्को भवन बनाइदिने अश्वासन सरकारले दिएपछि धर्ना कार्यक्रम रोकिएको छ । २१ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपति, उपराष्ट्रपतिको निवासबारे निर्णय गरेको थियो । सरकारले गत वैशाखमा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्नेसम्बन्धी नीतिगत मार्गदर्शन जारी गरे पनि सुविधाभोगी व्यवहार झनै बढ्दै गएको छ ।

मन्त्री, जनप्रतिनिधि तथा उच्च पदस्थ कर्मचारीको विदेश भ्रमण मोह अझै रोकिएको छैन । जनप्रतिनिधिले आफ्नो स्वार्थ अनुकूल निर्णय गर्दै आएका छन् । जनप्रतिनिधिहरू आफ्ना लागि मोटरसाइकलदेखि महँगा सवारी साधन किनेर विलासी बनिरहेका छन् । सरकार माथिल्लो निकाय तथा जनप्रतिनिधिले उपचार र भ्रमण खर्चमा मनपरी गर्दै आएका छन् । काठमाडौं उपत्यकामै घर भएर पनि घरभाडा बापत सरकारी ढुकुटीबाट सांसदहरूले नियमित पैसा लिइरहेका छन् । सरकारी मन्त्री आवासमा बस्ने सांसदले समेत उल्टै संसद सचिवालयबाट घरभाडा स्वरूप रकम लिइरहेका छन् । मितव्ययी हुने र राज्यकोषलाई जोगाएर उदाहरण देखाउने भावना जनप्रतिनिधि र सरकार कसैमा पनि पलाउन सकेको छैन । मन्त्रीहरू इन्धन शीर्षकमा दोहोरो सुविधा लिएर राज्यकोष लुटिरहेका छन् ।

जनताद्वारा प्रत्यक्ष निर्वाचित सांसदले त आफूहरू फौजदारी अभियोगमा जेल परेमा पनि निलम्बन नहुने कानुन समेत बनाउन भ्याएका छन् । संघीय संसदले सांसदका लागि भन्दै नयाँ गाडी सरकारसँग माग गरी खरिद गर्दैछ । चालू अवस्थाका गाडी थन्क्याएर नयाँ गाडी चढ्ने रहर सांसदहरूमा पलाएको देखिन्छ । विभिन्न दलका नेता, प्रमुख सचेतक र सभापतिहरूले २६ वटा गाडी प्रयोग गरिरहेका छन् । थप र पदाधिकारीहरूका लागि गाडी आवश्यक भएको संसद सचिवालयको भनाइ छ । सरकार आफैं पारदर्शिताबाट पछि हटेको छ । मन्त्रिपरिषद् बैठकले गरेका निर्णय सरकारले गोप्य राख्न थालेको छ । संविधानअनुसार सबै नागरिकले सूचना पाउने अधिकार कुण्ठित गरिएको छ ।

# किन चुके राजा महेन्द्र ?

सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)



सन्दर्भ पुष १ को

राजा महेन्द्रलाई प्रखर राष्ट्रवादी मान्नेहरु थुप्रै छन् । उनीहरु निम्न कुरा भन्छन्, जुन सोह्रै आना सत्य पनि हो :

१) राजा महेन्द्रले कोदारी राजमार्ग नबनाएको भए भारतले उहिले नेपाल खाइसक्थ्यो ।

२) राजा मेहन्द्रले पूर्व पश्चिम राजमार्ग बनाउन शुरु गरेकै कारण नेपालबाट नेपालकै भूमिमा जाँदा कालान्तरमा भारतीय भूमि टेक्न नपर्ने भयो ।

३) राजा महेन्द्र नेपालको उत्तरी चेकपोस्टहरुबाट भारतीय सेनालाई हटाउन सफल भएका थिए ।

४) बहुदलीय व्यवस्था विदेशमुखी भएकै कारण उनले १७ सालमा राजनीतिक परिवर्तन गरी नेपाली माटो सुहाउँदो पंचायती व्यवस्था शुरु गरे जसलाई भारतले पहिले मानेन तर जब सन १९६२ मा भारत चीन युद्ध भयो अनि नेपालबाट चिनिया फौज भारत छिर्ला भन्ने डरले ग्रसित भएर प्रधानमन्त्री नेहरुले कुटनीतिक हार स्वीकार्दै पंचायत ब्यवस्थालाई मान्यता प्रदान गर्दै नेपालमाथि लगाइएको आर्थिक नाकाबन्दी फुकाउन बाध्य भएका थिए । यसरी भारतलाई टक्कर दिन सफल राजा महेन्द्रले सन् १९६५ मा आफ्ना परराष्ट सचिव यदुनाथ खनाललाई सुटुक्क भारत पठाइ किन गोप्य सैनिक सम्झौता गरे ? यस गोप्य सम्झौता अनुसार नेपालले हतियार लगायत सबै सैनिक बन्दोबस्तीका सामग्रीहरु भारतबाट मात्रै किन्नुपर्ने, भारतबाहेक तेस्रो मुलुकबाट किन्दा भारतीय अनुमती लिएर भारतीय भूमिबाट भएर मात्र आयात गर्नुपर्ने कुरा उल्लेख छ । नेपालका सार्वभौमसत्तालाई कुन्ठित पार्दै आफूलाई भुटानी राजाको हैसियतमा झार्न राजा महेन्द्रलाई के कुराले बाध्य पार्‍यो (?) त्यो अहिले पनि रहस्यमय छ ।

यही गोप्य सन्धीबारे अनभिज्ञ राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसरमा नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव विश्वसमक्ष राखेकोमा ११६ राष्ट्रले अनुमोदन गर्दा समेत भारत यस प्रस्तावको विपक्षमा मात्रै रहेन । उसले प्रस्ताव समर्थन गरिसकेको सोभियत संघलाई प्रस्ताव फिर्ता लिन लगायो ।




यही गोप्य सन्धीबारे अनभिज्ञ राजा वीरेन्द्रले २०४६ सालमा चीनसँग हतियार किनेको कारण भारतले नेपालमाथि आर्थिक नाकाबन्दी लगायो । त्यही मौका छोपी नेपाली राजनीतिक दलहरुले पंचायतविरुद्ध आन्दोलन गरे, भारतले एकातिर त्यो आन्दोलनलाई सहयोग गर्‍यो अर्कोतर्फ राजा वीरेन्द्रसमक्ष नेपालको परराष्ट्र र रक्षा मामिला भारतलाई संचालन गर्न दिएमा आन्दोलनलाई दिएको समर्थन फिर्ता गरी पंचायत ब्यवस्थालाई स्थायित्व दिने प्रस्ताव पेश गर्‍यो । भारतसँग झुक्नुभन्दा जनतालाई बहुदलीय ब्यवस्था दिने बुद्धिमतापूर्ण निर्णय राजा वीरेन्द्रले गरे जस्को फलस्वरुप भारतीय बलमा बहुदलीय ब्यवस्था आएको मान्ने नेपाली राजनीतिक दलहरुले राजाको शान्तिक्षेत्रको प्रस्तावलाई तुहाइदिए ।

भारतको अगाडि किमार्थ नझुक्ने राजा वीरेन्द्रले नेपालमा रहेका १ करोड भारतीय आप्रवासीहरुलाई नेपाली नागरिकता दिने विधेयकमा लालमोहर नलगाएकै कारण भारतले उनको वंश विनाश मात्रै गरेन सोही कुरा नमान्दा माओवादी लगायत कांग्रेस, एमाले सबैलाई भारत बोलाई दोस्रो दिल्ली सम्झौता गर्न लगाई नेपालबाट सदाको लागि राजतन्त्र लखेटने काम गर्‍यो । ६५ लाख आप्रवासी भारतीयहरु गणतन्त्र नेपालले नेपाली नागरिकता प्रदान गर्दा तराई विखण्डनको आवाज अहिले दिन परदिन बुलन्द हुँदै गइरहेको छ ।

यसरी नै लखेटिनु पर्ला भनेर राजा महेन्द्रले सन् १९६५ मा भारतसँग गोप्य सैनिक सम्झौता गरी पंचायत ब्यवस्थालाई टिकाएका रहेछन् भनेर अहिले आएर प्रमाणित हुन पुग्यो । पुष १ गते महेन्द्र जयन्ती मनाउनेहरुले यस कुरालाई मनमा राख्दा उत्तम होला । सत्तामा टिक्न पाए भारत ठीक भन्ने सिद्धान्त राजा त्रिभुवन, महेन्द्र र नेपालका सबै राजनीतिक दलहरुको भएकै कारण नेपालमा जुन राजनीतिक ब्यवस्था आए पनि नेपालले काँचुली फेर्न सकेन । यसको अपवाद राजा वीरेन्द्र र ज्ञानेन्द्र मात्रै रहे । राष्ट्रवादको संरक्षणमा राजा महेन्द्र यसरी चुके ।

# चुरे संरक्षणको खाँचो (२)



जगदीश
लामिछाने
रौतहट, पौराई

यो शीर्षकको पहिलो रचना २०७५-८-२१ गते शुक्रबारको स्तम्भ लेखमा प्रकाशित भए पनि केही कुरामा दिक्क लागेर दोस्रो पटक पनि पाठकहरुसामु पुनः केही कुरामा प्रस्ट लेख्न मन लागेको छ । किनभने काठमाडौंको विश्व सम्पदा पशुपतिनाथकै क्षेत्रमा तिलगंगाबाट गुह्येश्वरीतर्फ केही वर्षअगाडि मात्र विश्वरुप पूर्वबाट अनावश्यक त्यो श्लेषमान्तक वनमा छेडिएको मोटरेबल बाटो बन्द गर्न सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संयुक्त इजलासले २०७३ पुसमा निर्णय गरिदिएको आदेश अझै पनि पालना नभई तारबार लागेकै रहेनछ भनी कान्तिपुरको यही मंसिर २८ गतेको पृष्ठ ५ मा पढ्न पाइयो । त्यही तिलगंगा मिसिएसम्म गुह्येश्वरीदेखि वाग्मती थोरै मात्रामा भए पनि केही वर्षअघि सफा भएकोमा आर्यघाटमै फोहोर पानी बगेकै छ, हेटौंडादेखि पूर्व धरानसम्म करिब करिब तयार नै भइसकेको फापरबारी भएर जाने धरानसम्म बाटो र पुलहरु तयारै भइसकेका हुँदैरहेकोमा सरकारै गौरवान्वित भई अन्यत्र पनि चुरे राजमार्ग बनाउने धाक लगाएकै देखिँदा सरकार नै संवेदनशील भई चुरे संरक्षणमा लागेको छैन झैं देखियो र पुनः लेख्न समेत अत्यावश्यक देखियो ।

चुरेको विनाश चालु रह्यो भने पश्चिम तराईको विनाश हुँदै जाँदा महाभारत पर्वत छेडी भेरी बबईमा निकाल्ने योजनाको औचित्य नै घट्नेछ । सिञ्चित पश्चिम तराई नै हुने हो नि । चुरेभित्रै जथाभावी बाटो र घरले सिंचाइ हुने क्षेत्रमै क्षतिग्रस्त हुनु र पानीको मात्रा घटेपछि नयाँ सिंचाइले पुरानै चन्द्र नहर सप्तरीको नियति भोग्नु स्वाभाविकै हो । जीवजन्तुहरुले पनि चुरेभित्र गई बस्न नपाएपछि गंगा नदी तरी दक्षिण लागेर फर्कर नआउन बाध्य नै हुनुपर्नेछ । पूर्वतिर नै पनि सुनकोसी डाइभर्सन गरी मरिन खोलामार्फत पश्चिम ल्याएर वाग्मतीमा मिसाई अहिलेको सर्लाही रौतहट तराईमै सिंचित गराउन सकिने हो होइन अब दोधारमै चुरे विनाशले पूर्व तराई के खाउँ र कता जाउँमा पर्ने नै छ । किनभने चुरेको जहाँ पनि विनाशले तलतिर बालुवा र गिटी भरिनु र विदेशी आदि तस्कर खुसी हुनु स्वाभाविकै हो । किनभने उहिले ठाउँठाउँ अंग्रेजले नेपाल तराईमा रेल ल्याई टोपलेर काठ र ढुंगा पूर्व पश्चिमबाट ओसारी लगेकै हो ।

हाम्रा नेताहरु थरी थरीका छन् । पैसा पाएमा तस्करको सहयोगी बन्न पनि बेर मान्दैनन् । यसको राम्रो उदाहरण पुराना बाइसी चौबिसी र काठमाडौंका ३ राज्य कलह नै हो । देश भाग लगाउनु नै हो । त्यसैका नयाँ रुपमा तस्कर पूजा गर्दा चाल पाएको भए लाखौं विदशीलाई नागरिकता बाँडिँदै बाँडिदैनथ्यो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रबुद्ध समूहको निर्णय बुझेपछि सीमा नियमन गर्नुपर्ला कि भनी ५ महिनासम्म संयुक्त प्रतिवेदन नबुझी अझै नेपाल तराईमै अघि इन्दिरा गान्धीझैं आफैं भएर हो कि राष्ट्रवादी तराईबासीसँग मनमुटाव हुने गरी अजित डोभाल झर्खरै खोचे थाप्दै थाप्दैनथे । यतिमात्र होइन, मध्यपहाडी राजमार्ग र महेन्द्र राजमार्ग तराई जोड्ने बाटाहरु सकभर छोटा अति थोरै राखे र चुरेभित्र बिसौनी राख्दै नराख्ने सम्पूर्ण चुरे क्षेत्र भरी पुनः होस पुर्‍याउनु नै पर्छ । अहिलेको जहाँतहीँ चुरेमा बाटो बनाउने कुरामा अंकुश लगाएमा मात्र तराई र पहाड दुवैको भलो हुन्छ । यति गरेमा जीवजन्तु वनजंगल र सम्पूर्ण नेपालीको कल्याण हुन्छ ।

यस विषयमा प्रजातान्त्रिक न्याय क्षेत्रका दुई हस्तीहरु न्यायाधीश र बहसकर्ता सरकारी तथा गैरसरकारी वकिलहरुलाई दलको झन्डा बोक्नै नदिएर न्यायमै समर्पित गराउन सर्वोच्च अदालत लागी पर्नुपर्छ । हाम्रा कर्मचारीहरुमा मुख लुकाई कुरा गरेमा माथिल्ला मन्त्री, सचिव आदि खुसी होलान् भन्ने बानीले धेरै नेपालीले दुःख पाएका छौं । यो रोग युगयुगमै लागेकै हो । कहिलेकाहीँ यो रोग हटाउँदा उन्नति पनि युगयुगमै भएकै हो । यस्ता उदाहरण धेरै छन् । यसैले यिनै कर्मचारी योग्य भई नेपालको भलो नहुने कुरै छैन । आफ्नो वनजंगल जीवजन्तु र जनतामा समन्वय तिनै प्रशिक्षित र अनुभवी कर्मचारीले गर्न नसक्ने कुरै छैन । आफ्नो कर्तव्यमा डटेर काम गर्दा यिनै प्रशिक्षित कर्मचारीले अबजस पाउँदैनन् है भन्ने कुरा नेपाल सरकारले राम्रोसँग भन्ने गरौं । वन जीवजन्तु र जनताको कल्याण हुने नै छ । नयाँ बस्ती चुरेमा बढ्नै नदिएर चुरेतर्फ एक घर पनि बनाउनै नदिएर चुरे संरक्षण र तराई पहाड हिमालको संरक्षण हुन्छ ।

यस कुरामा पश्चिम बर्दिया राष्ट्रिय निकुञ्जका ठूला हात्ती गैंडाहरु खोच खहरे तराईमै रमाउलान् । साना बाघ चितुवा प्रजाति सक्दो उत्तर चुरेमा उक्लने गरी खेल्नलाई अहिलेका धेरै बाटामध्ये थोरै सिधा मात्र राखी त्यहाँ चुरेभित्र बिसौनी नराखेमा वन्यजन्तु कार्यालय र वन मन्त्रालयले आफ्नो कर्तव्य पूरा गर्ने नै छन् ।

त्यसैगरी पर्सा वन्यजन्तु र चितवनका लागि द्रुतमार्गकै नियमले हात्ती गैंडा ओहोरदोहोर गर्न व्यवधान नभएपछि र चुरेभित्र बासस्थान नयाँ बनाउन नदिने देशभर नियम लगाएपछि पूर्व पश्चिम सबैतिर वन र वातावरणको साथै पशु हित पनि हुन्छ हुन्छ । सम्पूर्ण नेपालीको हित पनि यसैमा छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–२७

"पुँजीवाद र कम्युनिस्ट समाजमाझ एकबाट अर्कोमा क्रान्तिकारी रूपान्तरणको समय हो । यो त्यस समयको राजनीतिक सङ्क्रमण पनि हो, जसमा राज्य सर्वहारा वर्गको अधिनायकत्वभन्दा केही होइन ।" (कार्ल मार्क्स, गोथाकार्यक्रमको आलोचना)

"राज्यविशेष सङ्गठन भएकाले यो कुनै एक वर्गलाई दबाउन बल प्रयोग गर्ने सङ्गठन पनि हो । सर्वहारावर्गले कुन वर्गलाई दबाउन आवश्यक छ ? यसमा कुनै शङ्का छैन कि शोषक वर्ग अर्थात् पुँजीपति वर्गलाई ।

पुँजीवादबाट साम्यवादमा सङ्क्रमणका निम्ति रूपमा अनेक प्रकारका राजनीतिकस्वरूपको सृष्टि हुनेछ तर यसको सार भने एउटै हुनेछ– सर्वहारा वर्गको अधिनायकत्व ।" (लेनिन, राज्य र क्रान्ति)

मार्क्स र लेनिनका उल्लिखित विचारहरूले माओको हृदयमा गम्भीर प्रभाव पारे । आफूले महान् पथप्रदर्शक मानेका गुरूहरूका भनाइहरू आत्मसात् गर्दै 'चिनियाँभूमिमा त्यसलाई कसरी लागू गर्ने ? र समाजवादी समाजलाई कसरी दिगो तुल्याउने ?' भन्ने कुरामै उनको सम्पूर्ण समय र श्रम गयो । 'सर्वहारावर्गको अधिनायकत्व' बाहेक भिन्न कुरा सोच्ने,अर्थात् मानव समाजमा नारीवर्गको अग्रिम भूमिकाको आवश्यकताबारे उनमा सोचै आएन । तब त्यसलाई कार्यरूप दिने कुरा त सवालै उठेन ।

कम्युनिस्टहरूले सामन्तवर्ग, पुँजीपतिवर्ग र तमाम प्रतिक्रियावादीहरूको प्रतिनिधित्व गर्ने राज्यसत्ता ध्वंस गर्न समाजका सबभन्दा तल्लो अवस्थामा जीवन गुजारागरिरहेका व्यापक मजदुर र किसानहरूको बीचमा क्रान्तिकारी विचारधारा प्रचार, सङ्गठन निर्माण, जनचेतन अविवृद्धिर जनसङ्घर्षलाई सशस्त्र सङ्घर्षमा फेर्न जति खाँचो पर्छ, उत्तिकै मुलुकको सर्वोच्च सत्ता प्राप्तिपछि त्यसको विकास र सुदृढीकरणका लागि त्यही समाजका सबभन्दा शोषित र पीडित वर्गको दह्रिलो सहयोग र समर्थन प्राप्त गर्न पनि खाँचो पर्छ । भनौं,त्यही उत्पीडित वर्गको मुक्तिखातिर राज्यसत्तामा ध्यान केन्द्रित हुनुपर्छ र उक्त कार्यका लागि त्यस वर्गलाई नै आधारशिला मान्नुपर्छ, जसरी पहिले क्रान्तिका निम्ति सर्वहारा वर्ग र भूमिहीन किसानहरूको मूल आधारमा सशस्त्र क्रान्ति छेडिन्छ ।

समाजवादी समाजमा सर्वहारावर्ग र भूमिहीन किसानहरूको अस्तित्वविलय भएपछि हजारौं वर्षअगिदेखि समाजमा चौतर्फी पिल्सिँदै आएका नारी वर्ग (जो आदिम साम्यवादपश्चात् विगत हजारौं वर्षदेखि शोषित हुँदै आएकोछ) सबभन्दा तल्लो अवस्थामा जीवन बिताइरहेको कुरा प्रस्ट थियो ।रूसको अक्टोबर क्रान्ति (१९१७) र चीनको डिसेम्बर क्रान्ति (१९४९) सम्पन्न भएपछि क्रमशःरूसी र चिनियाँ कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा भूमिहीन किसानहरूलाई जग्गाजमिन र सर्वहारा मजदुरहरूलाई उद्योग, कलकारखाना, खानी र फर्महरूमा स्वामित्व प्राप्त भयो । न्यून जग्गा भएका किसानहरूलाई आवश्यक जमिन उपलब्ध गराइयो, साथै भोकानाङ्गालाई मुक्त पारियो । त्यसपछि त्यहाँ सर्वहारा वर्गको मुक्ति भयो, अर्थात् उसको अस्तित्व मेटियो किनकि एङ्गेल्स भन्छन्–"सर्वहारा त्यो हो, जोसँग उत्पादनका कुनै साधनहरू हुँदैनन् । जिउनका लागि उनीहरूसँगश्रम गर्न दुई हात पाखुरामात्र हुन्छन्...."

यसरी रूसी र चिनियाँ समाजमा सर्वहारा वर्ग मुक्त भएपछि त्यहाँ सबभन्दा शोषित र उत्पीडित नै महिला वर्ग थियो, जो हजारौं वर्षदेखि पितृसत्तात्मक मूल्यमान्यताले उनीहरूको जीवनको चौतर्फीक्षेत्रमा दुष्प्रभाव पारेको थियो । जस्तै, विवाहपश्चात्पुरूषको घरमा जानुपर्ने, बलियाबाङ्गा भए पनि सासूससुराको सेवा गर्नुपर्ने, जस्तोसुकै बदमास वा निकम्मा भए पनि पतिलाई परमेश्वर मान्नुपर्नेआदि । जबकि नारीका आफ्ना मातापिता रोगी, बिरामी भएपनि उनीहरूले सेवा गर्ने अवसरै नपाउने, पैत्रिक सम्पत्तिमा महिलाले अधिकार नपाउने, एउटापुरूषले सजिलै दुई-तिन जना महिलाहरू विवाह गर्न सक्ने तर महिलाले बाध्यतावश पुनर्विवाह गरे समाज र परिवारमा घृणित वा निन्दित हुनुपर्ने, सामाजिक र राजनीतिक फाँटमा अगाडि बढ्न परिवार, समाज र राज्यबाट प्रोत्साहन र प्रश्रय नपाउने इत्यादि ।

क्रमशः

# मैले देखेको पचहत्तरौं विश्व सांस्कृतिक सम्पदाः

# हानोभरको हेर्नहाउजन बगैंचा

सुरेन्द्र ढकाल



हेर्नहाउजन बगैंचा पछाडिबाट हेर्दा




बगैंचामा सुरेन्द्र सन् १९८९ मा




गार्डेनभित्र जर्ज प्रथमको चिहान



बगैंचामा रहेका कलात्मक मूर्तिहरू



गार्डेनभित्र युरोपकै अग्लो फोहोरा



गार्डेनको सुन्तला बगैंचा (ओरान्जेरी)

एरहुस प्राचीन शहर र त्यहाँको क्याथेड्रल अवलोकन गरिसक्दा बेलुकीको ५ बजिसकेको थियो । मेरो युरेल टिकटको १५ दिने म्याद सकिन ३ दिनमात्रै बाँकी भएको हुँदा त्यसै दिन बेलुकी ६ बजेको रेल समातेर म जर्मनीको हानोभरतर्फ लागैं र हानोभर आइपुग्दा रातिको १०:३० भएको थियो । रेलवे स्टेशन नजिकै रहेको एक युथ होस्टल आई आफ्नो गुण्टा बिसाउँदा रातिको ११:१५ भइसकेको थियो । बेलुकी रेल चढ्नुअघि एरहुसमा हल्का खाना खाएको हुँदा एक गिलास जुस पिएर म सुत्नतर्फ लागैं । बिहान ब्युँझँदा सात बजेको पत्तै भएन । हल्का ब्रेक फास्ट गरी हानोभरको हेर्नहाउजन बगैंचा अवलोकन गर्नतर्फ लागैं ।

हेर्नहाउजन बगैंचा

हानोभर ऐतिहासिक कालमा प्रसियाको राजधानी थियो । यसका राजा फ्रेडरिक विलियम थिए अनि प्रधानमन्त्री चाहीँ विस्मार्क । यिनै विस्मार्कले प्रसियाबाट जर्मनीको एकीकरण शुरू गरेका थिए, जसरी गोर्खावंशले नेपालको एकिकरण शुरू गरेको थियो । जर्मनीको एकीकरण सम्पन्न हुनासाथ राजधानी हानोभरबाट वर्लिन सरेको थियो । यो हेर्नहाउजन बगैंचा त्यही प्रसियाको राजाको निजी बगैंचा थियो ।

अर्को कुरा बेलायतमा जेम्स राजवंश पतन भएपछि यही प्रसियाको राजवंशबाट एकजना राजुकमारलाई लगी जर्जप्रथम नाम दिएर बेलायतको राजा बनाइएको थियो । यस प्रकार बेलायत र प्रसियाको राजघराना नातेदार पर्दथे । हानोभरबाट लगिएका विचरा जर्जप्रथमलाई त अंग्रेजी भाषा बोल्न पनि नआउने कारण उनले सबै राजकीय अधिकार विल अफ राइटसमार्फत प्रधानमन्त्रीलाई प्रत्यायोजन गरेको कारण नै बेलायत राजा आलंकारिक र प्रधानमन्त्री कार्यकारी हुने चलन प्रथम प्रधानमन्त्री वालपोलदेखि नै चल्न पुग्यो र आजसम्म त्यही कायम छ । यसैकारण पनि बेलायतमा संविधान भने कहिले पनि भएन । यी कुराहरू मैले युरोपियन इतिहासको विद्यार्थी भएको कारणले पढेको थिएँ । जब म हानोभर पुगैं मैले पढेको कुराहरू झलझली सम्झन पुगैं ।

यो बगैंचा हालको जर्मन संघीय प्रदेश लोअर साक्सोनी राज्यको राजधानी हानोभरको मुटुमा रहेको छ । यस बगैंचाभित्र ग्रेट गार्डेन, वेर्गगार्डेन, जिओरगेन गार्डेन र भेल्फेन गार्डेन गरी चार बगैंचालाई एकत्रित गरी विशाल बगैंचाको निर्माण भएको रहेछ । यसलाई हानोभरको राजवंशको प्राकृतिक सम्पदाको रूपमा अहिले पनि ज्यूँकात्यूँ राखिएको रहेछ । ग्रेट गार्डेन वारोक शैलीमा निर्माण गरिएको र वेर्गगार्डेन चाही करेसावारीलाई विकास गरी विशाल वनस्पती (वोटानिकल गार्डेन) को रूपमा कालान्तरमा रूपान्तरित गरिएको रहेछ । जिओरगेन गार्डेन र भेल्फेन गार्डेन चाहि पुरै अंग्रेजी बगैंचाको शैलीमा बनाइएको रहेछ । जुन अहिले हानोभरका जनताको दैनिक मनोरन्जनको स्थलको रूपमा रहेको छ । शताब्दियौंदेखिको यो बगैंचा अहिले पनि विश्व पर्यटन स्थलको रूपमा रहेको छ । ५० हेक्टरमा फैलिएको यो बगैंचाका बीच बीचमा विभिन्न मूर्तिहरू, बगैंचा अवलोकन गर्न जानेहरूको लागि हिँडने बाटो, हरिया चौरहरू र एकै किसिमका विभिन्न फूलहरूले सजाइएको रहेछ । बगैंचाको बीचमा सानो हेर्नहाउजन दरबार पनि रहेछ । बेलायतमा राजा बनाउन लगिएको जर्ज प्रथमकी माता सोफिया र पिता ऐर्नेस्ट आगुस्टुसले सन १६४६ देखि नै यस बगैंचालाई क्रमशः विस्तार गर्दै लगेका रहेछन् । यही वेर्गगार्डेनमा जर्ज प्रथमलाई मृत्युपछि बेलायतबाट ल्याई उनकै बाबुआमासँगै यहीँ गाडिएको रहेछ । जर्ज प्रथमका नाति जर्ज तृतीय बेलायतका राजा भए तापनि उनले नवशास्त्रीय शैलीमा यस बगैंचाको विकाश गर्न ठूलो योगदान गरेका रहेछन् । यद्यपि उनी कहिले पनि यो बगैंचा अवलोकन गर्न बेलायतबाट हानोभर आएका रहेनछन् । यो बगैंचाको अर्को आर्कषण भनेको यसभित्र रहेको सुन्तलाको बगैंचा (ओरान्जेरी) रहेछ । यसै बगैंचाभित्र कला, संस्कृति र संगीतसम्बन्धी विभिन्न कार्यक्रमहरू वर्षभरी नै आयोजना हुने गर्दा रहेछन् । अन्तर्राष्ट्रिय स्तरको झिलीमिली पटाका प्रतियोगिता यसै बगैंचाभित्र हुने गर्दो रहेछ । यसै बगैंचाभित्र रहेको पानीको फोहोरा अर्को पयर्टक आर्कषणको केन्द्र रहेछ । जसलाई गोटफ्रिड लाइवनिचले बनाएको र बेलायतका राजा जर्ज प्रथमले सन् १७२१ मा आएर उद्घाटन गरेका रहेछन् । यसलाई सिंगै युरोपको सबैभन्दा माथिसम्म पानी फाल्ने फोहोराको रूपमा लिइँदो रहेछ । यो फोहोराले ८० मिटर माथिसम्म पानी फाल्दो रहेछ । सन १८६० मा यो फोहोराको मर्मत सम्भार गरिएको रहेछ । बेर्ग गार्डेनभित्र भने ज्यादै दुर्लभ मानिने वनस्पति र बोटबिरूवाहरूको संरक्षण गरिएको रहेछ । यसको साथै विभिन्न देशहरूबाट विभिन्न बिरूवाहरू ल्याई यहाँ परीक्षण गर्ने गरिँदो रहेछ । विशेष गरी सुर्ती र किम्बु जातका बिरूवाहरू यहाँ संरक्षण गरिएको रहेछ । यही बगैंचाभित्र धानको बिरूवा पनि परीक्षण गरिएको रहेछ जुन सफल हुन सकेको रहेनछ । सन् १८१७ देखि २० सम्म यहाँ पामको बिरूवा ल्याई सफलताका साथ संरक्षण गरिएको रहेछ । सन् १८४५ मा गएर यो बगैंचालाई घेर्न तारबार र पर्खाल लगाइएको रहेछ । दोस्रो विश्वयुद्धमा जर्मनीको तहसनहस हुँदा यो बगैंचालाई पनि बम आक्रमणले ध्वस्त बनाइएको रहेछ र पछि क्रमशः जस्ताको तस्तै बनाइएको रहेछ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

स्वस्थ, सबल र समृद्ध नेपालको प्रतिबद्धता : लागू औषध अपराध विरूद्धको ऐक्यबद्धता
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जनकपुरको ऐतिहासिक पक्ष

**रोशन जनकपुरी**



जनकपुरधाम प्रथम दृष्टिमा एउटा मिथकीय तीर्थस्थलको रूपमा प्रसिद्ध छ । रामायणकी नायिका र हिन्दुभक्तको निम्ति जगद्जननीको रूपमा आराध्य सीता मिथिलाकी राजकुमारी र राजा शीरध्वजकी छोरी थिइन् । मिथिलाका अन्तिम शासक कराल थिए । कराल जनकको पतन सम्भवत: इसापूर्व नवौं-दशौं शताब्दीतिर भएको हो । त्यसपछिको करिब एकहजार वर्षसम्म मिथिलाको इतिहास अन्धकारमा देखिन्छ । बौद्ध जातकहरूमा आर्यावर्तको प्रथम बीसवटा जनपदहरूमा मिथिला र विदेहवंशको चर्चा भएपनि त्यो बज्जिमहासंघ भित्रको एक प्रतिष्ठित तर राजध्वज पतन भैसकेको रूपमा चर्चा गरिएको छ । बौद्ध जातक र अन्य पौराणिक ग्रन्थहरूमा कतै विदेहलाई देश र मिथिलालाई राजधानी र नगर समेत , त कतै मिथिलालाई देशको रूपमा समेत चर्चा गरिएको छ । तर अहिले यस बहसभन्दा भिन्न हामी जनकपुरधामको एतिहासिकतामा केन्द्रित हुनु उचित हुनेछ ।

हुन त जनकपुरधाम् बारे ऐतिहासिक साक्ष्यहरू न्युनतम् एक हजार वर्षसम्मको पाइन्छ । तर आधुनिक जनकपुरधामको शुरूआत सत्रौं शताब्दीदेखि भएको हो । जतिबेला सुरकिशोर दास जनकपुरधाम् आए र अहिले जानकीमन्दिर भएको ठाउँमा एउटा नीमको रूखमुनि आफ्नो सधुक्कडी चिम्टा गाडे । त्यतिबेला त्यहाँ जङ्गल थियो । तर एतिहासिक साक्ष्यहरूले जनक र जानकीसंग जोडिएको र घना जङ्गलबीचको यो ठाउँ नजिकका क्षेत्रहरूमा परिचित रहेको थियो र सम्भवत: रामनवमीको सानोतिनो तिर्थालू जमघट समेत शुरू भैसकेको थियो । यसबारे विद्यापतिको भूपरिक्रमा ग्रन्थलाई साक्ष्य महत्पुर्ण छ । यस पुस्तकमा मैथिली भाषाका महाकवि विद्यापतिले विद्वतजनले जनकपुरलाई वैदेहहरूको 'पुर' नमानेको भनेका छन् । विद्यापतिको भनाईमा विद्वतजनले यस जनकपुरलाई वैदेहहरूको नगर स्वीकार नगरेपनि लोकजनले यसै जनकपुरलाई राजा जनकको राजधानी र तीर्थ मान्ने गरेको भाव उत्पन्न गराउँदछ । यसले अरू जे भनेपनि त्यतिबेला (चौधौं शताब्दीको प्रारम्भ) जनकपुरको अस्तित्व रहेको र यसप्रति जनविश्वास त निश्चितरूप मै प्रमाणित हुन्छ ।

जनकपुरधामबारे पहिलो ऐतिहासिक अभिलेख इन्द्रविधाता सेनले सन् १७११मा रामचन्द्र मन्दिर (राममन्दिर) लाई कुशीवर्ता जग्गादान गरेको लिखत हो । यो लेखत हाल उपलब्ध छैन, तर यसबारे विभिन्न श्रोतहरूमा उल्लेख भएको पाइन्छ । यसपछिको दोस्रो अभिलेख सन् १७२७मा मकवानपुरका राजा मानिकसेनले रामदासलाई जानकीमन्दिरको महन्थ घोषणा गरेको लेखत हो । रामदास आधुनिक जनकपुरका संस्थापक सुरकिशोर दासका चौथो पुस्ताका शिष्य थिए । यहाँ उल्लेखनीय के छ भने रामदास जानकीमन्दिरका पहिलो महन्थ हुन र उनिभन्दा पहिलेका सुरकिशोरदास, प्रयागदास र जनकवैदेही दासलाई सन्त भनिएको छ ।

सन्त सुरकिशोर दासले जनकपुरको खोजी गरेको सम्बन्धमा अनेक कथाहरू प्रचलित छन् । जस्मा आफूलाई सीताको पिताको भावमा तन्मय रहेको सुरकिशोर दासलाई सीताले आफ्नो मुर्ति भेटिने ठाउँ नै आफ्नो माइती अर्थात जनकपुर हुने कुरा सपनामा भनेर जनकपुर जान प्रेरित गरेको कथा बढी लोकप्रिय छ । तर ऐतिहासिक साक्ष्यहरूको आलोकमा के देखिन्छ भने हालको जनकपुरदेखि सितामढीको क्षेत्र मिथिला र जनकपुर वैदेहको नगरी (केही ठाउँमा जानकी जन्मभूमि भनिएको छ) को रूपमा परिचित तर दुर्गम वन्य क्षेत्र रहेको देखिन्छ । सुरकिशोर दास रसिक सम्प्रदायका साधू थिए, जो सीताको भक्तिमा आध्यात्मिकरूपमा लीन थिए । र यसले नै उनलाई मिथिला क्षेत्र र जनकपुर आउन प्रेरित गऱ्यो । उनी जनकपुर आउन प्रेरित गर्ने कारणहरूको खोजी गर्दा रसिक सम्प्रदाय र जनकपुरको सम्बन्धबारे थोरै चर्चा गर्नु सान्दर्भिक नै हुने छ ।

ऐतिहासिक श्रोतहरूका अनुसार सोह्रौं-सत्रहौं शताब्दीमा गंगाको मैदानी क्षेत्रमा राम त्रिदेव (ब्रह्मा, विष्णु र महेश) मध्ये विष्णुको अवतारको रूपमा स्थापित भैसके पछि रामभक्त साधूहरूले रामको जीवनसंग सम्बन्धित स्थलहरूको खोजी गर्ने अभियान थाले । रामले वनगमन गरेको विन्ध्य पर्वत खोजियो, चित्रकूट खोजियो भने अयोध्या रामको जन्मस्थलको रूपमा पहिलेदेखि नै परिचित थियो । रामलाई पूजनीय देवको रूपमा स्थापित गर्ने श्रेय स्वामी रामानन्दलाई छ । उनले रामानुजी परम्परामा लक्ष्मी र विष्णु प्रधान रहेको श्रीसम्प्रदायभन्दा भिन्न आफ्नो छुट्टै सम्प्रदाय चलाए, जस्ले रामलाई आराध्यदेव मान्यो । रामानन्दी सम्प्रदायमा जातिभेद थिएन । भनिन्छ दुनियाँलाई सुनाउने उद्देश्यले स्वामी रामानन्दले रूखमा चढेर नारा दिए – जात पात पूछे नहि कोई, हरिको भजे सो हरिका होई । संसारबाट विरक्त वैराग्यलाई ग्रहण गरेको स्वामी रामानन्दका प्रथम बाह्रजना शिष्यहरूमा अनन्तानन्द, भावानन्द, सेन, धाना, नाभादास, नरहर्यानन्द, सुखानन्द, कबीर, रैदास, सुरसुरानन्द, सुरसुरी र पद्मावती थिए । यसमध्ये कबीर र रैदासले निर्गुण रामलाई मानेर आ-आफ्नो पन्थ विकास गरे भने अन्य शिष्यहरू साकार रामका अनुयायी थिए । यिनै मध्येको एक नाभादासको एक शिष्य अग्रदास (अग्रअली, अग्रस्वामी)ले सत्रौं शताब्दीमा मध्यप्रदेशको रैवासा स्थानमा गएर रसिक सम्प्रदायको विकास गरे । कृष्ण परम्परामा राधालाई मूख्य मानेर विभिन्न सम्प्रदाय विकसित भएजस्तै अग्रदासले सीतालाई सर्वौच्च मानेर रसिक सम्प्रदायको मत विकास गरे । यस सम्प्रदायमा सीता प्रति साख्य (सखि)भाव राखेर श्रृङ्गारिक भावमा समेत आराधना गरिन्छ । यिनै अग्रदासको शिष्य परम्परामा एक किल्हस्वामीका प्रपौत्र शिष्य थिए सुरकिशोर दास । सुरकिशोर दास भारतको मध्यप्रदेश प्रान्तको लोहागढ भन्ने गाउँमा एउटा मन्दिरमा पुजारी थिए । जो त्यतिबेला मुगल शासक औरङ्गजेबको धार्मिक असहिष्णुता र दमनको कारण त्यहाँबाट पलायन हुन बाध्य भएका थिए ।

सत्रौं शताब्दीमै गोस्वामी तुलसीदासको रामचरित मानसले राम र सीताको कथालाई व्यापक विस्तार दियो र सीतालाई छोरी भावमा मानेर आराधना गर्ने रसिक सम्प्रदायका अनुयायी सुरकिशोर दास सीताको माइती मिथिला खोज्दै जनकपुर आएका हुन् । सुरकिशोर दासले जनकपुर खोजी गर्ने प्रेरणा निश्चितरूपमा अयोध्यामा रामभक्तहरूले रामका जीवनसंग सम्बन्धित स्थलको खोजी गर्ने अभियानको अङ्ग थियो, जस्को निम्ति उनि आफ्नो आध्यात्मिक भावबाट प्रेरित भए । यसलाई हामी अयोध्याको तेह्रकोसे परिक्रमा र अयोध्या महात्म्य नामक ग्रन्थसंग जनकपुरमा पन्द्रदिने परिक्रमा र मिथिला महात्म्य ग्रन्थलाई तुलना गर्न सक्दछौं ।

बाहिरी दुनियाँको निम्ति जनकपुरधाम् सत्रौं शताब्दीसम्म अल्पपरिचित थियो । सुरकिशोर दास र उनका शिष्यहरूले भारतको अयोध्या, मध्यप्रदेश र उत्तरप्रदेशको विभिन्न ठाउँमा गएर जनकपुरको प्रचार गरे । जनकपुरलाई पहिलोपटक व्यापकरूपमा प्रचारित गर्ने श्रेय अयोध्याबाट प्रकाशित 'श्री महाराजा चरित्र' नामक पुस्तकलाई जान्छ । सन् १८०५मा लेखन सम्पन्न भएको यस पुस्तकको रचनाकार अयोध्या बार ास्थानका सन्त रघुनाथ दास थिए । यस पुस्तकमा जनकपुरका प्राय: सबै महत्वपूर्ण मन्दिर र पोखरीहरूको उल्लेख छ । यसमा जानकीमन्दिर, रामचन्द्र मन्दिर, जनकमन्दिर, रत्नसागर, गंगासागर, अरगजा, धनुषासर, दशरथ कुण्ड, लक्ष्मण कुण्ड, आदिको चर्चा छ । यस पुस्तकले अरगजा वा अङ्गराग सरको चर्चा महत्वपूर्ण रूपमा गरेको छ, जसअनुसार सीताको बिहामा यस पोखरीमा अङ्गराग अर्थात् उबटन तयार पारिएको थियो । त्यसतै सम्भव छ धनुभङ्गको बेला धनुषको एउटा भाग आकाशतिर स्वर्गमा र अर्को भाग उडेर जनकपुरभन्दा बाह्र माइल उत्तर धनुषाधाममा खसेको कथा फैलाउने श्रेय यसै पुस्तकलाई जान्छ । यस पुस्तकले हालको जानकीमन्दिरलाई जनक दरबार र यस्को अगाडी ठूलो मैदान भएको र त्यहीं शिवधनुष राखिएको थियो भनेर भनेको छ । त्यस्तै शिवधनुष प्रदर्शनी स्थलमा ल्याउनुभन्दा अगाडी धनुषसागरमा राखिएको र त्यहींबाट प्रदर्शनीस्थलसम्म ल्याइएको भनिएको छ । यस पुस्तकमा धनुषाधाम्मा बाघ, भालू, हात्ती, गैँडा, अर्ना आदि घुम्ने गरेकोले धनुषाधाम् जाँदा सावधानीपूर्वक जान सचेत गराइएको छ । त्यस्तै यस पुस्तकले गिरिजास्थान(सीताले फुल टिपेर गिरिजाको पूजा गर्ने ठाउँ, हाल यो भारतको मधुबनीजिल्लामा पर्छ,) र बिसौल (केहीको मतमा विश्वामित्रको आश्रम, जनकपुरको लोकप्रिय पन्द्रदिने परिक्रमाको अन्तमा बिसाउने ठाउँ, हाल भारत मधुबनी जिल्लामा पर्छ)बारे पनि चर्चा गरिएको छ ।

प्रारम्भमा सेनवंशी शासकहरूबाट पोषित जनकपुरलाई शाहवंशी शासकहरूले आध्यामिक स्थलको सम्मान दिए । पृथ्वीनारायण शाहले सन् १७६२मा मकवानपुर कब्जा गरेपछि तत्कालीन महोत्तरीमा पर्ने जनकपुरपनि शाहवंशी शासनको मातहतमा गयो । शाहवंशी शासक मध्ये रणबहादुर शाहले धनुषाधामलाई कुशेबिर्ता जग्गा दिए र मन्दिर निमार्ण गर्न लगाए । विक्रम सम्वत् १९९१ सालको महाभूकम्पमा जानकीमन्दिर बाहेक जनकपुरधामको प्राय: सबै मन्दिरहरू भत्किएका थिए । पछि तत्कालीन राणाशासकहरूले मन्दिरहरूको निर्माण गराए ।

यहाँ रोचक जानकारी के हुन सक्दछ भने महाभूकम्पभन्दा पहिले राममन्दिर दुइतले थियो । भूकम्पपछि वर्तमान एकतले मन्दिर निर्माण गरिएको हो । जनकपुरमा लाग्ने मेलाहरू र सन् १९३४मा जनकपुर-जयनगर रेलको विकासले जनकपुरको विकासमा चौतर्फी मद्दत गरेको हो । जनकपुरको ऐतिहासिकता एक हजार वर्षको सहजै खोज्न सकिएपनि कुवारामपुरमा पाइएका चिल्लो कालो पत्थरको विष्णुमूर्ति र महदैयामा पाइएका कुषाणकालीन सिक्काहरूले यस मिथकीय शहरको ऐतिहासिकता अझै धेरैपछि सम्म पुग्नसक्ने सम्भावना छ । तर यसको निम्ति जनकपुरको प्राचीन स्थलहरूको उत्खनन् आवश्यक छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# सुगर रोगको अचुक औषधी जामुन



पछिल्ला दिनमा मानिसको व्यस्त जीवनशैली र अस्वस्थ्य खानपानका कारण मानिसमा विभिन्न खालका रोगहरु लाग्ने गरेका छन् । यस्ता रोगहरु बढ्नुमा मानिसको विलाशी जीवनशैली व्यायामको कमी आदीका कारणले मानिसमा रोग बढीरहेको छ ।

जसका कारण मधुमेह, हर्ट अट्याक, किड्नी सम्बन्धी रोगीको संख्या पछिल्ला दिनमा बढीरहेको छ । रागेलागेपछि विभिन्न औषधिहरुको प्रयोग गरिन्छ । तर, यस्ता रोग लागेको खण्डमा प्राकृतिक रुपमा पाइने केही खाद्य पदार्थहरुको प्रयोग गर्दा त्यसले थप फाइदा पुग्छ ।

मधुमेह भएका विरामीका लागि जामुन अत्यन्त फाइदाजनक हुन्छ । यसले मधुमेहलाई पूर्ण रुपमा नियन्त्रणमा लिने आयुर्वेदको दाबी छ ।

जामुनुको बाहिरी बोक्रा निकाल्नुहोस् र भित्रको वियालाई पिनेर धुलो बनाउनुहोस् । त्यसपछियो पाउडर जस्तो बन्ने छ ।

हल्का तातो पानीमा मिसाएर यसलाई पिउनुस् यसले फाइदा दिन्छ । त्यस्तै अपचमा पनि यो अचुक उपचार हुन्छ ।

जामुनको रुखको बोक्रालाई केही घण्टा पानीमा भिजएर राख्ने र त्यसको सरमा मह मिसाएर विहान बेलुका पिएको खण्डमा पायल्स रोग समेत निको हुन्छ ।

मधुमेह भएका मानिसले जामुनलाई औषधीको रुपमा प्रयोग गर्दा फाइदा हुन्छ । यसलाई आफ्नो खानमा नियमित रुपमा खादा निकै फाइदा हुन्छ ।

जामुनको फमा पाइने केही रसायले रगतमा सुगर लेवलको नियन्त्रण गर्न धेरै काम गर्छ ।

मौसमी फल भएको कारण यो सधै पाउन सकिँदैन । तर यसोका वियाको प्रयोग तपाईले सधै गर्न सक्नु हुनेछ । जसको प्रयोगले तपाईको मधुमेह पूर्ण रुपमा नियन्त्रणमा आउन सक्ने छ ।

आयुर्वेदमा जामुनको वियालाई कयौं औषधीको रुपमा प्रयोग गर्रिको पाइन्छ । जसमध्ये एक मधुमेहको उपचार पनि हो । जामुनुको बोक्रा लगायत हटाएपछि बचेको हिस्सालाई सुकाएर यसको पाउडर बनाउनुस् । यस पाउडरलाई विहान बेलुका पानीको साथ खादा सुगर लेवल नियन्त्रणमा आउँछ ।

# संसारका १० क्रुर महिला

काठमाडौं । कुख्यात काम गरेर चर्चा कमाएका केही त्रूर महिलाले आआफ्नै इतिहास रचेका छन् । अकल्पनीय अपराध गरेर चर्चा कमाएका केही माहिलाको चरित्र चित्रण गरेर पर्दामा समेत उतारिएको छ । यसरी चर्चित बनेका यी हुन्, १० महिलाहरू:

**१. मीरा हिन्डली**

सन् १९६० मा हिन्डलीले आफ्ना प्रेमी ब्राडी हिन्डलीसँग मिलेर १० देखि १७ वर्ष उमेरसम्मका आफ्ना ५ सन्तानको हत्या गरेकी थिइन् । इंग्ल्यान्डकी उनलाई दुइपटक मृत्युदण्डको सजाय सुनाइएको थियो । तर, सन् २००२ मा ६० वर्षको उमेरमा उनको निधन भयो ।

**२. मा बार्कर**

अमेरिकी इतिहासमा सबैभन्दा कुख्यात अपराधीको चर्चा पाएकी बार्करले सन् १९३० को सुरुआतमा दर्जनौं अपराध गरेकी थिइन् । आफ्नो दुई छोरासमेत संलग्न रहेको बार्कर ग्याङमार्फत उनले अपहरण, लुटपाट र हत्या लगायतका दर्जनौं अपराध गरेकी थिइन् । सन् १९३५ मा अन्तर्राष्ट्रिय अनुसन्धान ब्युरो एफबिआइले उनलाई मारेको थियो ।

**३. इंग्ल्यान्डकी महारानी म्यारी प्रथम**

ब्लडी म्यारी भनेर चिनिने बेलायती महारानी म्यारीले ३ सयभन्दा बढी प्रोटेस्टेन्टहरूको हत्याको जिम्मा लिएकी थिइन् ।

**४. मिरेया म्यारिनो क्यानियोन**

मेक्सिकोकी मिरेया लस जेटास कार्टल नामक संस्थाका लागि लागुऔषध तस्करीको काम गर्थिन् । यस संस्थामा आबद्ध नभइञ्जेल उनी प्रहरी निरीक्षक थिइन् । पछि उनले कार्टल संस्थाको प्रमुखको रूपमा काम गरिन् । मिरेयालाई सन् २०११ मा पक्राउ गरिएको थियो ।

**५. जुना बाराजा**

रेस्लर व्यवसायी जुना मेक्सिकोकी त्रूर महिला अपराधी हुन् । उनले ४२ देखि ४८ वर्ष समूहका थुप्रै महिलाको हत्या गरेकी थिइन् । जुनालाई सन् २००६ मा पक्राउ गरी ७ सय ५९ वर्षको जेल सजाय सुनाइएको थियो ।

**६. डार्या साल्टिकोभा**

रसियन नोबेलबुमन डार्या १८औं शताब्दीकी एक चर्चित सिरियल किलर हुन् । उनले हजारौं दासहरूलाई यातना दिएर हत्या गरेकी थिइन् ।

**७. अमेलिया डायर**

सन् १८३७ मा बेलायतमा जन्मिएकी डायर एक बहुचर्चित अपराधी हुन् । उनले २० वर्षको उमेरमै सयभन्दा बढी बालबालिकाको हत्या गरेकी थिइन् । सन् १८६९ मा उनलाई झुण्डाएर मारिएको थियो ।

**८. क्रिस्टिना एडमन्ड**

बेलायतकी क्रिस्टिनाले चकलेटमा विषादी मिसाइ एकैपटक सयौं व्यक्तिलाई मारेकी थिइन् । यिनलाई सन् १८७१ मा मृत्युदण्ड सुनाइएको थियो ।

**९. ऐलिन बुर्नुस**

बोर्नुस एक अमेरिकी यौन व्यवसायी हुन् । जसले १ वर्षको अन्तरालमा आफूलाई बलात्कार गरेको भन्दै ७ पुरुषको हत्या गरेकी थिइन् । इन्जेक्सनमार्फत यिनलाई मारिएको थियो ।

**१०. रानाभालोना प्रथम**


करिब ३३ वर्षभन्दा बढी आइल्यान्डको मदागस्कर राज्य चलाएकी नेतृ सबैभन्दा कुख्यात महिला अपराधीको रूपमा चिनिन्छिन् । उनले त्रूर तरिकाले सामूहिक रूपमा हजारौं व्यक्तिको हत्या गरेकी थिइन् ।

# पर्यटक लोभ्याउँदै हात्ती महोत्सव









हात्ती महोत्सवको तयारी सुरु भएसँगै चितवनको सौराहामा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्न थालेको छ । पुस ११ गतेबाट सुरु भएर ५ दिनसम्म चल्ने महोत्सवको तयारी थालिएसँगै नेपालका विभिन्न जिल्ला तथा विदेशबाट पर्यटकहरु सौराह पुग्न थालेका हुन् ।

महोत्सवस्थल सौराहास्थित वाघमारा सामुदायिक वनको चौरमा अहिले व्यवस्थापनको काम भैरहेको छ । हात्ति महोत्सवमा हात्तीका छावाहरुबीचको फुटवल, हात्तीको सामुहिक वनभोज, हात्ती सिगार्ने लगायतका प्रतियोगिता हुने आयोजकले जानकारी दिएको छ । सरकारले सन् २०२० लाई पर्यटन वर्ष घोषणा गरेका कारण हात्ति महोत्सवलाई पर्यटन वर्षको प्रचारप्रसारका रुपमा समेत सदुपयोग गर्न खोजिएको छ । हात्ती महोत्सव नजिकिएसँगै सौराहाका होटलहरुमा पर्यटकको चहल-पहल वढेको छ ।

यता, हात्ती र जीपमा सफारी गर्ने पर्यटकको संख्या पनि बिस्तारै बढ्न थालेको छ । राम्रो बासस्थान नपाएर पर्यटकले समस्या भोग्नुपर्ने विगत जस्तो छैन, सौराहा । अहिले यहाँ आरामदायी र सुविधासम्पन्न होटल खुलेसँगै पर्यटकले राहत पाएका छन् । यस्ता होटलले स्थानीय संस्कृति, भेषभुषा र कलाका माध्यमबाट पर्यटकलाई भरपुर मनोरञ्जन दिने प्रयास पनि गरिरहेका छन् ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# ओपेकबाट कतार बाहिरिने संकेत



विष्णु भट्टराई

खाडी मुलुक कतारले अहिले नाकाबन्दीको सामना गरिरहेको छ । कतारलाई नाकाबन्दी गरेर यसको अर्थतन्त्रलाई चौपट बनाउने छिमेकी अन्य खाडी राष्ट्रहरुको प्रयास भने सफल हुन सकेको छैन । नाकाबन्दीका बाबजुद पनि कतारले आफ्नो अर्थतन्त्रमा उल्लेखनीय सुधार भएको जनाएको छ । कतारले हालै प्रस्तुत गरेको आर्थिक प्रगतिले पनि कतार नाकाबन्दीबाट कति पनि नखस्किएको प्रस्ट हुन्छ ।

राजतन्त्रात्मक शासन रहेको कतार करिब ५७ वर्षपछि तेल उत्पादक राष्ट्रहरूको समूह ‘ अर्गनाइजेसन अफ दि पेट्रोलियम एक्सपोर्टिङ कन्ट्रिज (ओपेक)’ बाट बाहिरिने भएको छ । ओपेक राष्ट्रहरू तेलको जति उत्पादन गर्छन्, त्यसमा कतारको दुई प्रतिशत हिस्सा मात्रै छ । तर, खाडीको यो सानो तर शक्तिशाली राष्ट्रले यो संगठनबाट बाहिरिने निर्णय गरेपछि त्यसले पार्ने दूरगामी असरका विषयमा अन्तर्राष्ट्रिय मञ्चमा छलफल प्रारम्भ भएका छन् ।

सन् १९६० मा ओपेकको गठन भएपछि यो संगठनबाट बाहिरिने कतार पहिलो मुलुक हो । यसअघि पनि केही मुलुक ओपेकबाट बाहिरिए पनि पुनः ओपेकमा आएका थिए । ओपेकको १७५औं बैठकको ठीकअघि कतारले ओपेकबाट औपचारिक रूपमा बाहिरिने निर्णय गरे पनि कतारका ऊर्जामन्त्री मध्यपूर्वको राजनीतिक अवस्थाका कारण यो निर्णय लिएको कुरा भने अस्वीकार गर्छन् । तर, जुन कारणले निर्णय गरेको भए पनि अहिलेको निर्णयबाट सन् २०१९ देखि कतार ओपेकको सदस्य रहनेछैन । कतार ओपेकबाट बाहिरिनुको कारणसम्म पुग्नका लागि भने कतारमाथि उसका ६ वटा छिमेकी मुलुकले गरेको कूटनीतिक सम्बन्ध विच्छेद र नाकाबन्दीतर्फ फर्किनुपर्छ ।

शक्तिशाली र प्रतिद्वन्द्वी छिमेकी देश साउदी अरबले गत वर्ष अन्य पाँचवटा खाडी राष्ट्रलाई समेत एकठाउँ ल्याएर कतारमाथि नाकबन्दी लगायो । कतारमाथि साउदी, बहराइन, यूएई, इजिप्टसहितका देशले कतारमाथि आर्थिक नाकाबन्दी मात्रै लगाएनन् कतारका विमानलाई आफ्नो आकाशसमेत उपलब्ध गराएनन् । यो क्रममा कतार कमजोर बन्ने धेरैको आशंका थियो तर कतार कमजोर बन्नुको साटो देशको मानवअधिकारको रेकर्डमा सुधार गर्‍यो र ओपेकबाट बाहिरिने निर्णयले साउदी अरबलाई समेत कडा झट्का दिएको छ । नाकाबन्दीका क्रममा कतारको अर्थव्यवस्था २.६ प्रतिशतको वृद्धिदरसहित अघि लाग्यो । जबकि सन् २०१७ मा यो दर २.१ प्रतिशत थियो । विदेशी मुद्रा भण्डार २.९ अर्बबाट १७ अर्ब डलर पुगेको फोर्ब्सको दाबी छ । यसले कतारविरुद्ध रहेका साउदीसहितका देशको कतारलाई झुकाउने रणनीतिको असफलतालाई स्पष्ट पार्दछ ।

जुन २०१७ मा सुरु भएको कतार संकटको अहिलेसम्म कुनै समाधान बाहिर आइसकेको छैन । यहीबीचमा कतार भने ओपेकबाट अलग हुने भएको छ भने ‘गल्फ कोअपरेसन काउन्सिल (जीसीसी)’ बाट पनि बाहिरिने खतरा रहेको औंल्याउन थालिएको छ । जसको बैठक यही आइतबार साउदी अरबको रियादमा हुँदै छ ।

कतारका पूर्वशासक शेख अब्दुल्ला बिन कासिम अल थानीले टवीट गर्दै ओपेकको प्रयोग कतारको राष्ट्रिय हितलाई नोक्सान पुर्‍याउनका लागि भइरहेको उल्लेख गरेका छन् । जीसीसी देशमा आर्थिक प्रतिबन्ध लगाउन साउदी र यूएई प्रमुख खेलाडीका रूपमा देखिएका थिए । त्यसैकारण पनि जीसीसी कतारमाथि लागेको नाकान्दीको समस्या समाधान गर्न असफल भएको थियो । यसैबाट पनि जीसीसीको निरीहता पत्ता लगाउन सकिन्छ । यद्यपि यो संगठनमा रहेको बहराइनले साउदीलाई साथ दिए पनि ओमान र कुवेतले यो संकटमा तटस्थ भूमिका निर्वाह गर्दै आएका छन् । त्यसैले, कतारले आइतबार हुने जीसीसीको बैठकमा कतार संकट समाधानका विषयमा छलफल हुने बताइरहेका छन् । कतार जीसीसीबाट बाहिरिएमा साउदी र यूएईलाई भने कतारमाथि लगाउँदै आएको अरब देशको एकतालाई कमजोर बनाउन खोजेको आरोप बलपूर्वक पुष्टि गर्न भने सहयोग नै पुग्नेछ । खाडी राष्ट्रमा अमेरिकाको आफ्नै स्वार्थ



छ । उसले कतारसहित सबै खाडी राष्ट्रलाई इरानविरुद्ध एकजुट बनाउन चाहेको छ । त्यसैले पनि साउदी र कतारबीचको सम्बन्ध नबिग्रियोस् भन्नका लागि निकै सतर्कतापूर्वक काम गरेको पाइन्छ ।

सन् २०१७ को जुनमा साउदी अरबसहित ६ देश इजिप्ट, बहराइन, यमन, लिबिया र यूएईले कतारसँग कूटनीतिक सम्बन्ध भंग गर्दै नाकाबन्दी लगाए । यसका केही तत्कालीन कारण र केही




ऐतिहासिक तथा क्षेत्रीय कारण छन् । करिब ५५ वर्ष बेलायतको संरक्षणमा रहेर १९७१ मा स्वतन्त्र हुनुअघि कतारले यूएईको हिस्साका रूपमा रहन अस्वीकार गरेको थियो । त्यसैबेलादेखि यूएईसहितका राष्ट्रले कतारमाथि चरमपन्थी गुटको समर्थन गरेको आरोप लगाउँदै आएका थिए । त्यसको अर्को वर्षदेखि त्यहाँ अल-थानी परिवारको शासन सुरु भएको हो । अमिर शेख तमिम बिन हमद अल-थानीले सन् २०१३ मा आफ्ना बाबु शेख हमद बिन खलिफा अल-थानीले गद्दी छाडेपछि सत्ता सम्हालेका हुन् ।

अर्को मुख्य कारण भनेको इजिप्टका राष्ट्रपति मोहम्मद मोर्सीलाई सेनाले सन् २०१३ मा हटाएपछि कतारले जनाएको असन्तुष्टि पनि हो । साउदीले मोर्सीको पार्टी मुस्लिम ब्रदरउडलाई कतारले गरेको समर्थनप्रति खुला रूपमा असन्तुष्टि जनाउने गरेको थियो । किनकि, मोहम्मद मोर्सी हिस्बुल्लाका सदस्य हुन्, जसलाई केही अरब राष्ट्रले चरमपन्थी संगठन ठान्छन् । मार्च सन् २०१४ मा साउदी, बहराइन र यूएईले कतारमाथि आन्तरिक मामलामा हस्तक्षेप गरेको आरोप लगाउँदै राजदूत फिर्ता बोलाएका थिए । इजिप्टले भने त्यसअघि नै कतारमा रहेको अल जजिरा टेलिभिजनलाई चरमपन्थी भड्काएको र फर्जी समाचार बनाएको आरोप लगाएको थियो ।

कतारले निर्णयका पछाडि अथाह प्राकृतिक ग्या‘‘स भण्डार हुनु हो । जुन ग्या‘‘स नभएर यस क्षेत्रको राजनीति पनि हो । ग्या‘‘स बजारमा कतार बलियो खेलाडीका रुपमा रहन सक्छ र कतारको पछिल्लो निर्णयले खास अर्थ राख्छ ।

इरान र रुसपछि कतारमा प्राकृतिक ग्यासको तेस्रो ठूलो भण्डार रहेको छ । यसका साथै तेलको पनि विशाल भण्डार छ । छिमेकी राष्ट्रले कतारमाथि नाकाबन्दी लगाए तर कतार त्यसको तुनलामा धेरै शक्तिशाली देखियो । यसको कारण भने ग्याँस र तेलबाट जम्मा भएको पैसा कतारले संसारभरि लगानी गरिरहेको छ । न्युयोर्कको एम्पायर स्टेट बिल्डिङ, लन्डनको सबैभन्दा अग्लो टावर द सार्ड, लन्डनको डिपार्टमेन्ट स्टोर ह्यारेड्ससहित संसारका केही ठूला कम्पनीमा कतारी सुल्तानको लगानी छ ।

अर्कोतर्फ कतारको राजनीतिक शक्ति पनि महत्वपूर्ण पाटो हो । सुडानको डार्फरदेखि मध्यपूर्व तथा अफगानिस्तान र तालिबानबीचको शान्तिवार्ताका लागि कतारले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । अरब दुनियामै चर्चामा रहेको अल जजिरामार्फत पनि उसले अन्तर्राष्ट्रिय मञ्चमा आफूलाई दरिलो रूपमा उभ्याएको छ । कतार एयरवेज आज संसारकै प्रमुख हवाई सेवाभित्र पर्छ भने अरब देशमा पहिलोपटक सन् २०२२ मा कतारले विश्वकप फुटबल आयोजना गर्दै छ ।

आर्थिक हिसाबले कतार सम्पन्न हुनु पनि नाकाबन्दी प्रभावहीन बन्नुको अर्को कारण हो । कतार प्रतिव्यक्ति आयमा संसारकै पहिलो नम्बरमा रहेको देश हो । यो नाकाबन्दीका समयमा कतारले आफूसँग रहेको अथाह रकमलाई अन्तर्राष्ट्रिय लगानीमा ध्यान दियो ।

यस्तै कतार र साउदीबीच संघर्षको अवस्था रहे पनि अमेरिकाले खुलेर कुनै एक राष्ट्रलाई सहयोग गर्ने अवस्था थिएन । साउदीले अमेरिकाबाट ठूलो मात्रामा हतियार किन्ने गरेको छ । तर, कतारमाथि अमेरिकाले दिने धक्काले मध्यपूर्वमा अमेरिकी रणनीति फेल हुन सक्छ । धेरैले त साउदी-कतार संघर्ष, कतार-अमेरिका संघर्षमा रूपान्तरण हुन सक्ने चिन्ता पनि जनाएका थिए । तर, यस्तो अवस्थामा अमेरिकाले कतारमा रहेका १० हजार सैनिकको क्याम्पलाई नै सबैभन्दा पहिले व्यवस्थापन गर्नुपर्ने थियो । किनकि, यही सैन्य क्याम्प सन् २००३ मा इराकमाथि भएको हमलाका क्रममा प्रयोग गरिएको थियो भने कतारले कतिपय इस्लामिक संगठनसँगको वार्ताका क्रममा पनि मध्यस्थता गरिरहेको थियो, जुन अमेरिकासँगको सामूहिक प्रयास पनि थियो । यी सबै पक्षले आधा दर्जन छिमेकीले लामो समय गरेको नाकाबन्दीले कतारलाई ठूलो प्रभाव पारेन ।

ओपेकको स्थापना सन् १९६० मा इरान, इराक, कुबेत, साउदी अरब र भेनेजुएलाले गरेका हुन् । त्यसबेला यसको उदेश्य अमेरिकी र युरोपेली तेल कम्पनीको शक्ति र प्रभावबाट तेल उत्पादक देशको हितको रक्षा गर्नु थियो । ओपेकको स्थापनाको सुझाव भेनेजुएलाले दिएको थियो र यो मात्रै यस्तो एक्लो देश थियो, जो खाडी राष्ट्रबाट टाढा थियो । ओपेकको ५८ वर्षको अवधिमा यसमा अन्य १० राष्ट्र थपिएका छन् । अहिले ७ मध्यपूर्वका, ६ अफ्रिकी र दुई दक्षिण अमेरिकी देश छन् । यी १० देश कतार, इन्डोनेसिया, लिबिया, युएई, अल्जेरिया, नाइजेरिया, इक्वेडर, अंगोला, गाबोन र इक्वेटोरियल गिनी हुन् । केही देशले ओपेकबाट हट्दै पुनः सदस्य बनेका पनि छन् । २२ जुन, २०१८ मा कंगो ओपेकको पूर्ण सदस्य बनेको छ । अस्ट्रियाको भियनामा मुख्यालय रहेको ओपेक विश्वको तेल निर्यातको ४४ प्रतिशत हिस्सा ओगट्छ भने विश्वको ८२ प्रतिशत तेल भण्डार यी देशमा नै पर्छ ।

कतारले भनेको छ, ‘जनवरी सन् २०१९ बाट कतार सदस्य नरहने जानकारी हामीले ओपेकलाई गराएका छौं ।’ कतारले अब आफ्नो ध्यान तेलमा नभएर ग्याँसतर्फ केन्द्रित गर्ने पनि बताएको छ । कतारले यस्तो निर्णय गर्नुका पछि सबैभन्दा पहिलो कारण भनेकै कतारमा रहेको प्राकृतिक ग्याँस भण्डार हो । तर, यो ग्याँस मात्रै नभएर राजनीति पनि हो । ऊर्जा मामलाका जानकार रिचर्ड म्यालिसन भन्छन्, ‘तेलको उत्पादनलाई हेर्ने हो भने कतार एउटा सानो देश हो ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### रोबर्टलाई जिम्मेवारी

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालसमेत दक्षिण एसिया र अफगानिस्तान मामिला हेर्ने सहायक विदेशमन्त्रीका रूपमा अनुभवी गुप्तचर अधिकारी रोबर्ट विलियम्सलाई नियुक्त गर्ने भएका छन् । ह्वाइटहाउसले बुधबार जारी गरेको वक्तव्यमा उनी विगत २० वर्षदेखि दक्षिण एसिया तथा अफगानिस्तान मामिलामा अनुभवी भएको उल्लिखित छ ।

वक्तव्यमा जनाइएअनुसार उनी सन् २०१७ देखि अमेरिकाको डिफेन्स इन्टेलिजेन्स एजेन्सी (डिआइए) मा एसोसिएट डिपुटी डाइरेक्टरको रूपमा कार्यरत थिए । यसअघि पनि उनी दक्षिण एसिया मामिला हेर्ने गुप्तचर अधिकारीको रूपमा कार्यरत रहेको बताइएको छ । पछिल्लो समयमा पाकिस्तान लगायतका दक्षिण एसियाली मुलुकमा समस्या देखिएपछि ट्रम्प प्रशासनले नयाँ नियुक्ति गर्न लागेको जनाइएको छ ।

### नोकरीमा बाधक सुन्दरता



हरेक महिला आफूलाई सुन्दर देखाउन चाहन्छन्, तर जर्मनीकी एक महिला प्रहरीलाई आफ्नो सुन्दरता जागिरका लागि बाधक बनेको छ । किनभने मानिसले सामाजिक सञ्जालमा उनको फोटो देखेपछि जानीजानी कानुन तोड्ने गरेका छन् । यी सुन्दर महिला प्रहरीको हातबाट पक्राउ पर्न मानिसले कानुन तोडने गरेका छन् ।

जर्मनीकी प्रहरी एड्रिसन कोलेसजरको सुगठित शरीर र सुन्दरताका कारण सामाजिक सञ्जालमा लाखौं फलोअर्स छन् । इस्टाग्राममा उनको फोटो धेरै मन पराइन्छ, यहाँसम्मकी मानिस उनको नजिक आएर भन्छन् ‘मलाई गिरफ्तार गर ।’ एड्रियन सधैं आफ्नो फिट बडी र वर्कआउटको फोटो इस्टाग्राममा अपलोड गरिरहेकी छन् । करिब दुई वर्ष पहिले यसैकारण उनी चर्चाको शिखरमा आएकी थिइन् । त्यतिवेला उनले भनेकी थिइन् ‘मेरो हाकिमलाई यी सबै कुराले कुनै समस्या पारेको छैन ।’

तर, यो वर्षको सुरुआतमा नै उनलाई ६ महिनाको बेतलवी विदा बस्न लगाइएको छ । किनभने अर्को पटक उनी एकमोडलका रूपमा होइन उक प्रहरीका रूपमा आऊन भन्ने थियो ।

### महंगा चित्रकला



वास्तवमा कलाकार प्रशंसा र चर्चाका भोका हुँदैनन् । तर कतिपय कलाकृति यति लोकप्रिय हुन्छन् कि त्यसले कलाकार र उनीहरुका कलालाई अजर अमर बनाउँदछन् । कतिपय कलाकृतिहरु अमूल्य हुन्छन्, ऐतिहासिक हुन्छन् । विश्वको इतिहासमा कतिपय कलाकृतिहरु यस्ता छन्, जसको मूल्य निकै नै उच्च छ । यी हुन् दुनियाँका सबैभन्दा महँगा चित्रहरुः


साल्भाटोर मुन्डी : चर्चित कलाकार लियोनार्दो दा भिन्चीले बनाएको चित्र अहिलेसम्म विश्वको सबैभन्दा महंगो कलाकृति हो । यो चित्रकला ४५ करोड ३ लाख डलरमा बिकेको थियो ।

इन्टरचेन्ज : विलेम डी कुनिंग्ले तयार पारेको चित्र विश्वमा अहिलेसम्मको दोश्रो महंगो चित्रकला हो । यो कलाकृति ३० करोड डलरमा बिकेको थियो ।

३. दी कार्ड प्लेयर्स : दुईजना जुवाडेको तैलचित्र कलाकार पाउल सेजेनले सन् १८९५ मा बनाएका थिए, जुन २५ करोड डलरमा बिकेको थियो ।

४. नाफिया फा इपोइपो : पाउल गाउगुइनले सन् १८९२ मा बनाएको चित्र २१० मिलियन डलरमा बिकेको थियो । ५. नम्बर १७ ए : ज्याक्सन ब्लकले बनाएको तस्वीर २० करोड डलरमा बिकेको छ । ६. वैजनी, हरियो र रातो : यो बहुरंगी क्यानभास चित्र मार्क रोथकोले बनाएका हुन् । जुन १८ करोड ६० लाख डलरमा बिकेको थियो ।

### नितम्बमा कीर्तिमान



दुनियाँमा मानिसका रुचि पनि भिन्न-भिन्न हुन्छन् ? कसैलाई जिरो फिगर बनाउने ध्याउन्न छ त कतिलाई आफ्नो हिप बढाउने शौख ।

नतासा क्राउन नामकी यी मोडेलको नितम्ब यति ठूलो छ कि उनको हिपको अगाडि फ्रिजको आकार पनि फुच्चे हुन्छ । यी दुनियाँकै सबैभन्दा ठूलो नितम्ब भएकी मोडेल हुन् । तर उनी आफ्नो नितम्बलाई अझै बढाउन चाहन्छिन् । २५ वर्षकी नताशाको हिपको आकार अहिले ८० इन्चको छ । उनले नितम्ब बढाउनका लागि धेरैपटक सर्जरी गराइन् । अब पनि सर्जरी गराएमा उनको स्वास्थ्यमा गम्भीर असर पर्नसक्ने चेतावनी डाक्टरहरुले दिएका छन् । ५ फिट १० इन्च अग्ली नताशा इन्स्टाग्राममा पनि सेलिब्रेटी छिन् । उनका ३ लाख १८ हजार फलोअर्स छन् । फेसबुकमा पनि लाखौं फलोअर्स रहेका छन् ।

### चकलेटको खोला



सडकमा चकलेटको बाढी आएको सुन्नुभएको छ ? जर्मनीको वेस्टनेन सहरमा हालै यस्तै भएको छ । त्यहाँ झण्डै एक टन चकलेटको लेदो सडकमा पोखिएपछि एक प्रकारको चकलेटी बाढी नै आयो । अनि सडक नै बन्द गर्नुपर्यो ।

सहरमा रहेको एक चकलेट कारखानामा लेदो चकलेटले भरिएको एउटा ट्यांक लिक भयो । जसका कारण एक टनभन्दा धेरै चकलेट सडकमा बग्यो । मौसम निकै चिसो थियो । त्यसैले सडकमा पोखिएको चकलेटको लेदो तत्कालै जमेर कडा भयो । सडकको आवागमन नै बन्द गर्नुपर्यो । तत्कालै २५ जना फाएरफाइटर बोलाइयो । तातो पानी पम्पको फोहोरा प्रयोग गरी निकै सकसपूर्ण तरिकाले चकलेट सफा गरियो ।कारखानाका कर्मचारीहरु पनि सडकको चकलेट सफा गर्न खटिए ।

### जमीनमुनि अनौठो गाउँ



दुनियाँमा रहेका केही भूमिगत होटल तथा रिसोर्टहरुमा रात बिताउनका लागि मानिसहरु लाखौं खर्च गर्न तयार हुन्छन् । तर अमेरिकामा रहेको एउटा भूमिगत गाउँको बारेमा धेरैलाई थाहा छैन । यद्यपि, बर्सेनि यो गाउँमा लाखौंको संख्यामा पर्यटक आउँदछन् ।

अमेरिकाको प्रसिद्ध ग्राण्ड क्यानोन नजिकैको हवासू क्यानोनस्थित सुपाई नामको यो भूमिगत गाउँ जमिनभन्दा ३ हजार फिट तल रहेको छ । यो गाउँ हेर्नका लागि वर्षमा ५५ लाख मानिस एरिजोना आउँदछन् ।

हवासू क्यानोन नजिकै एउटा गहिरो खाडी छ । सोही खाडीमा उक्त गाउँ अवस्थित रहेको छ । सो गाउँको कूल जनसंख्या २ सय ८ जना रहेको छ । सो गाउँमा रेड इण्डियन जातिका मानिसहरु बस्दछन् ।

यो गाउँ बाहिरी आधुनिक दुनियाँबाट अलग्गिएको छ । त्यहाँ आवागमनका साधन पनि निकै सीमित रहेको छ । पैदल जानु वा खच्चडमा चढेर जानु दुईमात्र विकल्प छन् गाउँमा छिर्नका लागि । त्यो गाउँमा अहिलेसम्म चिठीपत्र तथा मालवासमानको ढुवानी र आदानप्रदान खच्चडमा राखेर हुने गरेको छ ।

सरकारी कार्यालयमा बाँदर आतंक

पछिल्लो समय भारतको केन्द्रीय सरकारी कार्यालय बाँदर आतङ्कले हैरान भएको छ । प्रधानमन्त्री भवनदेखि सबै प्रमुख मन्त्रालयहरूमा बाँदरका सेनाले कब्जा जमाउन थालेपछि सरकारी अधिकारीहरू लगायत सर्वसाधारण समेत त्रासमा बस्नु परिरहेको बताइएको छ ।

यसरी बाँदरहरूले दिनहुँ खानेकुराहरू खोस्नेदेखि पावर लाइनहरू भाँच्ने र झ्यालबाट महत्वपूर्ण डक्युमेन्ट समेत खोसेर च्यात्ने अनि भाग्ने गरेको गृह मन्त्रालयका एक कर्मचारीले बताएका हुन् । वास्तवमा तिव्र शहरीकरणले नै बाँदरहरूलाई विस्थापित गराइरहेको हुँदा उनीहरू खानाका निम्ति मानव वस्तीमा पस्न बाध्य भएको बताइएको छ । यस्तोमा भारतीय निकायले यस समस्याबाट राहत पाउनकै लागि बाँदरहरू डराउने लंगुरको प्रजातिको भेष बदल्ने मानिसलाई समेत राख्ने गरेको छ । तर जस्तोसुकै उपाय अपनाएपनि तिनीहरू केही समयमै फेरि फर्केर आउने गरेको पाइएको छ । वास्तवमा हिन्दु धर्म मान्नेहरूले बाँदरलाई भगवान् हनुमानका रुप मान्ने हुनाले तिनलाई खुवाउने गरेका छन् । यस्तोमा बाँदरहरू मानिससँग डराउन छाड्ने हुँदा तिनलाई धपाउन झन कठिन बन्दै गएको बताइएको छ ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## बुद्धको शिक्षा



एक राजा भगवान बुद्धका परम भक्त थिए । बुद्धको शिक्षाबाट प्रभावित भएपछि उनले आफ्ना जनतालाई सखी राख्नका लागि केही गर्ने निर्णय गरे । ती राजाले जनतालाई राहत होस भनेर ढुकुटीमा रहेको सम्पत्ति बाँड्ने सोच बनाए । राजाले दरबारको ढाकोमा थालभरी सुनका सिक्का राखेर हेरक नागरिकलाई दुई दुई मुठ्ठी लैजान पाउने घोषणा गरे । राजाको यस्तो घोषणा सुनेर जनता दंग परे । उनीहरु सबै काम छाडेर दरबार जाँदै दुई दुई मुठ्ठी सिक्का लिन थाले ।

बुद्धले यो खबर पाए । उनी एक ब्राम्हचारीको भेषमा दरबार पुगेर दुई मुठ्ठी सिक्का उठाए र हिँडे । केही अघि गएपछि उनी फेरी फर्किए । राजाले किन फर्किएको भनेर सोधे । बुद्धले भने विवाह गर्ने सोचिरहेको छु तर यति मुद्राले कसरी काम चल्ला र? राजाले थप दुई मुठ्ठी सिक्का उठाउन भने । बुद्ध दुई मुठ्ठी सिक्का उठाएर हिँडे । तर विहे गरेपछि त घर पनि चाहिन्छ ।

राजाले थप दुईमुठ्ठी लग्न भने । बुद्ध सिक्का लिएर गए, तर एकै छिनमा फर्केर भने-विहे गरेपछि बच्चा पनि त हुन्छन् । त्यसका लागि पनि खर्च चाहिन्छ । राजाले अरु दुई मुठ्ठी लैजान भने । राजाको कुरा सुनेपछि बुद्ध असली रुपमा प्रस्तुत भए । राजाले अचम्म माने ।

बुद्धले राजालाई भने-राजन एउटा कुरा थाहा पाइराख यदि तिम्रा जनता अर्काकै सहारामा बाँच्न थाले भने उनीहरुको कहिल्यै कल्याण हुने छैन । उनीहरुलाई परिश्रम गरेर जीविका चल्ने बाटो देखाउ । अनी पो उनीहरु सुखी रहन्छन् । उनीहरुको कल्याण हुन्छ । बुद्धको यस्तो शिक्षाबाट राजा प्रशन्न भएछन् र उनले जनतालाई विभिन्न सीप सिकाउने कार्यक्रम सुरु गरेछन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### बृष
भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन् । खर्च लागे पनि दिगो फाइदा हुने काम फेला पर्न सक्छ । चुनौती पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

### मिथुन
मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा प्रशस्त फाइदा हुनेछ । दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ । तर आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

### कर्कट
सामान्य कामलाई निकै मिहिनेत पर्नेछ । अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । तापनि मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले कीर्तिमानी दिलाउनेछ । साथीभाइको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सामाजिक दायित्व बढ्नेछ । व्यापारमा फाइदा हुनेछ ।

### सिंह
सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । मिहिनेत गर्दा पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । तर विगतका कमजोरीमा सुधार आउनेछ । लगनशीलताले लाभ दिलाउन सक्छ । पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

### कन्या
काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । अरूका काममा धेरै समय खर्चनुपर्ला । विगतका समस्या बल्झिन सक्छन् । सानातिना काम र घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ । तर अरूको भर पर्दा काम अधुरो रहन सक्छ ।

### तुला
नैतिक संकटले सताए पनि प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । छोटो समयमा फाइदा उठाउन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले उत्साह जगाउनेछ ।

### बृश्चिक
व्यवसायमा अपेक्षित फाइदा उठाउन नसकिएला । ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । तापनि रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । विवादबाट जोगिँदै समयको गतिलाई पछ्याउने प्रयत्न गर्नुहोला ।

### धनु
आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ । दिगो फाइदा हुने काम सम्पादन हुनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ । शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । आफ्नो प्रतिभाको कदर हुनेछ ।

### मकर
पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ । कृषि तथा पशुधनले मनग्गे फाइदा दिनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ ।

### कुम्भ
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । तापनि भौतिक साधन जुट्नाले रोकिएका काम पुनः सुरु हुनेछन् । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । रचनात्मक काममा जुट्ने समय छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ, आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

### मीन
मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । मान(सम्मान प्राप्त हुनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ ।

## "प्रेमदिवस" वैशाखमा

चलचित्र 'प्रेमदिवस' ले प्रदर्शन मिति तय गरेको छ । निर्देशक योगेश घिमिरेले यो चलचित्र वि.सं २०७६ सालको वैशाख १३ गतेबाट चलचित्र रिलिज गर्ने बताएका छन् । यो चलचित्रमा नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी मुख्य भूमिकामा छन् । म्यूजिकल लभ स्टोरी कथामा बनेको चलचित्रलाई वैशाख १३ मा रिलिज गर्ने गरि तयारी थालिएको निर्देशक घिमिरेले बताए । संजय न्यौपाने यो चलचित्रका निर्माता हुन् ।

यो मितिमा मह संचार र किरण केसीले बनाएको चलचित्र 'दाल भात तरकारी' पनि रिलिज हुने कुरा छ । यो बिषयमा घिमिरे भन्छन्-'खै मलाई त्यो कुरा थाहा भएन । हामी वैशाख १३ मा आउने गरि तयारीमा छौं ।'

## चैत्रमा "लभ स्टेशन"

उज्जवल घिमिरेले निर्देशन गरेको चलचित्र 'लभ स्टेशन'ले आफ्नो प्रदर्शन मिति तय गरेको छ । यो चलचित्र चैत्रको अन्तिममा आउने चर्चा पनि चलेको थियो । तर, यो चलचित्र अब चैत्रको १ गतेबाट रिलिज हुने भएको छ । नायक खड्काले अभिनय गरेका चलचित्रहरु सार्वजनिक बिदा पर्ने दिनमा रिलिज हुँदै आएका थिए । तर, यसपटक यसको निर्माणपक्षले धेरै निर्माताले ताक्ने मिति हेरेको छैन । यो चलचित्रमा नायक प्रदिप खड्का र नायिका जसिता गुरुङको मुख्य भूमिका छ । दार्जिलिङमा छायांकन गरिएको चलचित्रलाई गोविन्द शाहीले निर्माण गरेका हुन् । चलचित्रले कुनै एक स्थानलाई लभ प्वाइन्टको रुपमा ब्याख्या गर्ने निर्देशकले बताएका छन् । चलचित्रलाई म्यूजिकल लभ स्टोरी कथामा निर्माण भएको भनिएको छ । जहाँ प्रदिप सांगीतिक क्षेत्रमा लागेको कलाकारको भूमिकामा देखिएका छन् ।

## "नाता" मा अञ्जु पन्त

काठमाडौं । गीतकार एवम् नेपाल प्रहरीका एसपी टेक तामाङको चौथो गीति एल्वम 'नाता' बजारमा आएको छ । अनुश्री पाखिनको प्रस्तुति रहेको एल्वममा ८ गीत समावेश छन् । एल्बममा अञ्जु पन्त, संगीता राणा प्रधान, मेलिना राई, जिना रसायली, दीपा लामा र ओङमु लामा शेर्पाले गाएका गीतहरु संग्रहित छन् । यसैगरी अर्जुन पोखरेल, किशोर खतिवडा, कन्काइष्ट राई, पावल चाम्लिङ र बुद्ध स्याङ्बा लामाले संगीत दिएका छन् ।

नेपाल प्रहरीमा व्यस्तताको बाबजुत पनि टेक तामाङले राष्ट्रिय, लोक, आधुनिक, लोकपप शैलीका एक हजारभन्दा बढी गीत लेखिसकेका छन् । नाता एल्बममा संग्रहित गीतहरुमध्ये अञ्जु पन्तको स्वरमा रहेको 'तिमीलाई माया गर्छु' गीतको म्युजिक भिडियो पनि बनाइएको छ ।

## मिस पूर्वाञ्चल हुँदै

पूर्वी नेपालको सबैभन्दा पुरानो सौन्दर्य प्रतियोगिता रुपमा हेरिएको 'नेपाल आइस मिस पूर्वाञ्चल' को नवौं संस्करणका लागि १४ प्रतिस्पर्धीहरु छानिएका छन् । अनलाइन तथा एसएमएसबाट लिइएको आवेदनका आधारमा धरानमा आयोजित अडिसनबाट उनीहरु छनोटमा परेका हुन् ।

मिस पूर्वाञ्चलको नवौं संस्करण आगामी पुस १४ गते शनिबार धरानस्थित होटल इजी राइडर्सको प्राङगणमा हुँदैछ । गत बर्ष झैं यो बर्ष पनि बिनाअडिसन मिस उर्लाबारी र मिस इटहरीलाई प्रतिस्पर्धाका लागि सोझै प्रवेश गराइएको छ । मिस इटहरी-२०१७ की तपस्या रनपाइली, मिस उर्लाबारी २०१७ की रुसाली केसीले प्रतिस्पर्धामा प्रवेश पाउनेछन् ।

नवौं संस्करणका लागि छानिएका प्रतिस्पर्धीहरुमा धनकुटाबाट प्रजिता तामाङ, स्वस्तिका बिसुंखे, मोरङ उर्लाबारीकी सबिना पोदार, सुनसरी तरहराकी तुलशा पोखेल र झापा भद्रपुरकी पूजा श्रेष्ठ र बिर्तामोडकी सलिना राजबंशी छन् ।

त्यसैगरी संखुवासभाबाट सोनेता दाहाल, धरानबाट आकृति आचार्य, एजिना राई, अनिला क्षेत्री, सुचित्रा कार्की र बिराटनगरबाट मोनिका रेग्मीले यो बर्षको मिस पूर्वाञ्चल २०१८ मा प्रतिस्पर्धा गर्नेछन् ।

कम्तिमा १२ कक्षा पढ्दै गरेका युवतीहरु सहभागी गराइने नेपाल आईस नेचुरा 'मिस पूर्वाञ्चल'को नवौं संस्करणका लागि अनलाइन तथा एसएमएस बाट सयभन्दा बढीको आवेदन आएको आयोजकले जानकारी दिए । अन्तिम प्रतिस्पर्धामा विजेताले मिस पूर्वाञ्चल २०१८ को उपाधिसँगै यामाहाको स्कुटी र हंगकंग भ्रमणको अवसर दिइने आयोजकले जनाएका छन् ।

## हेलपोस्ट बनाउँदै श्रृंखला

'मिस वर्ल्ड' मा भाग लिएर नेपाल आएकी श्रृङ्खला खतिवडा अब आफूले मकवानपुरमा सुरु गरेको होलपोष्टलाई पूरा गर्ने तयारीमा जुटेकी छिन् । धेरै मिस नेपालहरुको पहिलो गन्तव्य चलचित्र क्षेत्र नै बनिरहेको छ । चलचित्र क्षेत्रमा आउन चाहने मिस नेपालहरु सफल भने भएका छैनन् । पूर्व मिस नेपाल निकिता चण्डकले त आफ्नो १ बर्षे संझौता सकिएको भोलीपल्टै नयाँ चलचित्रमा संझौता गरेकी थिइन् । अहिले उनले काम गरिरहेको चलचित्र 'रानी महल'को छायांकन रोकिएको छ ।

यसैले, श्रृङ्खलाको लोकप्रियतालाई हेरेर उनलाई चलचित्रमा अभिनय गराउने सोच धेरै निर्माताले बोकेका छन् । तर, खतिवडाले भने आफू चलचित्रमा नआउने बताइन् । उनले भनिन्-'मलाई चलचित्रमा खासै रुची नै छैन । मेरो पढाई नै आर्किटेक्चर भएकाले म त्यता काम गर्छु ।' उनले आफूलाई अभिनय गर्न नआउने पनि बताइन् । आफूले सुरुवातमै चलचित्रमा रुची नभएको बताएकाले पनि कुनै निर्माताले अफर नगरेको तर्क उनको छ । *(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Wrath = क्रोध She turned wrath as she was paid much less than she had expected (आशा गरेका भन्दा धेरै थोरै पाएकोमा तिनी क्रोधित बनिन्)

Appease = कसैलाई केही दिएर शान्त पार्नु, फुल्याउनु She always tries to appease her baby by giving toys (तिनी सधैं आफ्नो बच्चालाई खेलौना दिएर फुल्याउन खोज्छिन्)

Broach= समावेश गर्नु Many political parties opposed the government as it decided to broach religion in the school curriculum (विद्यालयको पाठ्यक्रममा धर्मलाई समावेश गर्ने सरकारी निर्णयको सबै विपक्षीहरूले विरोध गरे)

Contrite = ठूलो गल्ती गरेकोमा पछुताउनु She was contrite the entire week after she behaved very badly with her husband (आफ्नो लोग्नेसँग नराम्रो ब्यवहार गरेकोमा तिनले पूरै हप्ता पछुताइन्)

Disinterested = तटस्थ, निस्वार्थी The only disinterested persons if work keeping in mind the professional ethics are journalists (पेशागत धर्मलाई साक्षी राखी काम गर्दछन् भने पत्रकारहरू जस्तो तटस्थ र निस्वार्थी अरु कोही हुन सक्तैन)

Exult = रमाइलो गर्नु We should exult if our team won the match (हाम्रो टिमले म्याच जित्यो भने हामीले रमाइलो गर्नु पर्दछ)

Fruition = प्राप्ति, उपलब्धि, फल The completion of the project marks the fruition of our hard work (यो योजनाको सफल कार्यान्वयन हाम्रो कडा परिश्रमको फल हो)

Gustatory = स्वादिलो The gustatory menu of this restaurant has attracted many costumers (यो रेस्टुराँको स्वादिलो खानाको सूचीले गर्दा धेरै ग्राहकहरू यस रेष्टुराँप्रति आकर्षित भएका छन्)

Holocaust = आगजनीबाट भएको क्षति The city was totally destructed by the holocaust (पुरै शहर आगजनीबाट ध्वस्त भएको थियो)

Indolent = अल्छि Since heavy lunch makes me indolent, I prefer light meal during day time (दिउँसोको टन्न खानाले मलाई अल्छि बनाउँछ त्यसैले म दिउँसोको बेला हलुंगो खाना मनपराउँछु)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

गाजिन कुन देशको समाचारपत्र एजेन्सीको नाम हो ?

■ चीन

माछा विशेषज्ञहरुका अनुसार विद्युत् शक्ति कति थरीको माछामा पाइएको छ ?

■ २५०

विश्वको सबभन्दा ठूलो खेलको मैदान कुन देशमा छ ?

■ इंग्ल्यान्ड

सार्क राष्ट्रहरुको परराष्ट्र मन्त्रीहरुको प्रथम बैठक कहिले र कहा भएको थियो ?

■ सन् १९८१, श्रीलंका

एसियाको सबभन्दा ठूलो पर्वतमाला कहाँदेखि कहाँसम्म फैलिएको छ ?

■ अफगानिस्तानदेखि म्यान्मार

हालसम्म ७००० रेडियो स्टेसन भएको देश कुन हो ?

■ अमेरिका

विश्वको सबभन्दा ठूलो चलचित्र भवनमा कतिवटा सिट छन् ?

■ ५८८२ सिट

'जीवनको एक क्षण पनि कर्तव्यले खाली छैन' कसको भनाइ हो ?

■ सिसरो

पोर्चुगलको सिक्कालाई के भनिन्छ ?

■ इस्कुडो

नेपालमा सर्वप्रथम पात्रो प्रकाशन कसले गरेका हुन् ?

■ श्री ३ रणोद्दीप

तीन देशका नागरिक हुने सर्वप्रथम व्यक्ति को थिए ?

■ अल्वर्ट आइन्स्टाइन

दुईवटा देशको एकै दिन राष्ट्रिय दिवस मनाउने देश कुन कुन हो र कहिले ?

■ भारत र अष्ट्रेलिया २६ जनवरी

## Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put something away = अर्कैतिर राख्नु Put your shoes away from here तिम्रो जुत्तालाई यहाँ होइन अर्कैतिर राख

Put something away = रित्याउनु Last night he must have put away two bottles of wine हिजो राति उसले दुई बोतल रक्सी रित्याएको हुनुपर्छ ।

Put something back to = पहिलेकै ठाउँमा राख्नु Put all these books back to same place यी किताबहरुलाई पहिलेकै ठाउँमा राख ।

Put something back = ढिलाइ हुनु The general strike has put our delivary back by over three days हडतालको कारणले गर्दा हाम्रो माल आइपुग्न तीन दिनभन्दा बढीले ढिलो भयो ।

Put something before = प्राथमिकतामा राख्नु He puts the agenda of welfare always before उसले कल्याणकारी कार्यसम्बन्धी छलफललाई सधैं प्राथमिकतामा राख्छ ।

Put something above = माथि राख्नु Put the service above oneself as motto of your life स्वार्थभन्दा माथि सेवालाई राख्नु भन्ने कुरा आफ्नो जीवनको लक्ष्य मान ।

Put something by = भविष्यको लागि जोह गर्नु, She has put large amount of money by भविष्यको लागि तिनले ठूलो धनराशि जोह गरेकी छिन् ।

Put something down = बसाल्नु he put successfully the glider down in a field उसले प्याराशुटलाई सफलताका साथ मैदानमा बसाल्यो ।

Put somebody down = ओराल्नु As he had no money to pay he put himself down from the bus तिर्ने पैसा नभएको कारण उसले आफूलाई बसबाट ओराल्यो ।

Put something forth = टुसाउन थाल्नु As spring has come, new leaves are putting forth वसन्तको आगमनसँगै नयाँ पातहरु टुसाउन थाल्दैछन् ।

## सुडोकु-अंक १३०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ३ | | | | | | ४ |
| | | | | ९ | | | | |
| | | | ८ | ७ | ३ | | | ६ |
| | | १ | ६ | | ९ | ५ | | |
| | ७ | ९ | | | | ६ | ८ | |
| | | २ | ५ | | ७ | ४ | | |
| २ | | | ७ | ४ | ६ | | | |
| | | | | ५ | | | | |
| ६ | | | | | | ७ | | ३ |

## अंक १२९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | १ | ७ | ४ | २ | ३ | ५ | ८ |
| ४ | ५ | ३ | ८ | ६ | ९ | ७ | २ | १ |
| २ | ७ | ८ | १ | ५ | ३ | ९ | ६ | ४ |
| ८ | ९ | २ | ४ | १ | ५ | ६ | ३ | ७ |
| ७ | १ | ५ | ३ | ८ | ६ | ४ | ९ | २ |
| ३ | ४ | ६ | ९ | २ | ७ | ८ | १ | ५ |
| १ | २ | ९ | ६ | ७ | ४ | ५ | ८ | ३ |
| ६ | ८ | ७ | ५ | ३ | १ | २ | ४ | ९ |
| ५ | ३ | ४ | २ | ९ | ८ | १ | ७ | ६ |

# बाल विकास समाजका विविध कार्यक्रम













## बालबालिकाहरूका लागि दिवा खाजा सहयोग अभियान

**गोविन्द विक**

काठमाडौं । बाल विकास समाजले श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्ने सिलसिलामा न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा कामगर्ने अभिभावकका बालबालिकाको अधिकार प्रत्याभूतसहित बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नुपर्ने बाध्यता तथा दाइदिदीले भाइबहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस केन्द्रमा आउने बालबालिकाहरुका लागि संस्थाले दैनिक दिवा खाजाको व्यवस्था गरिरहेको छ ।

बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरकफरक खाजा खुवाउने गरिन्छ। बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासँग खाजा खाऔं कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराकासाथ अभियानको रुपमा संचालन गरेको हो ।

अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजाका लागि सहयोग गर्दै आउनु भएको छ । यसैगरी समाजसेवी तथा आजीवन सदस्य पार्वती न्यौपाने, समाजसेवी स्नेहाश्री सापकोटा, अच्युतप्रसाद अधिकारी, संस्थाका उपाध्यक्ष डा. रिता सिंह, संस्थाका महासचिव लगायतले दिवा खाजाका लागि संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउनु भएको हो । उहाँहरुले फरकफरक समयमा रकम हस्तान्तरण गर्नु भएको थियो ।

उक्त रकमबाट बालबालिकाहरुका लागि दिवा खाजा व्यवस्था गरिएको थियो । यस प्रकारको सहयोगले दिवा शिशु स्याहार कार्यक्रम सञ्चालन गर्नका लागि थप सहयोग पुगेको छ । सहयोगप्रति बाल विकास समाजले सबै दाताहरुलाई आभार प्रकट गर्दै धन्यवाद् समेत दिएको छ ।



## समायोजन...

सम्बोधन नभए सर्वोच्च अदालतमा रिट हाल्ने उनीहरूको तयारी छ । चारवटै संगठनले केन्द्रबाट समायोजन भएर जाने कर्मचारीसँगै स्थानीय तहका कर्मचारीको पनि समायोजन गर्नुपर्ने माग अघि सारेका छन् । यस्तै स्थानीय तहमा कार्यरत साढे ६ हजार अस्थायी कर्मचारीलाई स्थायी गर्न पनि उनीहरूको माग छ । सँगै काठमाडौंको फोहोर व्यवस्थापन निजी क्षेत्रलाई दिँदा वर्षौंदेखि काम गरिरहेका कर्मचारीको उचित व्यवस्थापन पनि गर्नुपर्ने माग छ । केन्द्रबाट एक तह स्वतः बढुवा भएर कोही कर्मचारी स्थानीय तहमा जाने अनि वर्षौंदेखि स्थानीय तहमा कार्यरत कर्मचारीको भने कुनै वृद्धि विकास नहुने ? भन्ने विभेदकारी अध्यादेशविरुद्ध आफूहरु उभिएको युनियनका अध्यक्ष हरिकुमार श्रेष्ठले बताए । असन्तुष्ट कर्मचारीहरूलाई यही पुस ८ गतेसम्म रिट निवेदन दिने समयसीमा छ । अध्यादेशमा चित्त नबुझे प्रमाणिकरण भएको १५ दिनभित्र कानुनी उपचार खोज्नुपर्छ । कर्मचारी समायोजन अध्यादेश राष्ट्रपतिबाट मंसिर २३ गते प्रमाणीकरण भएको थियो । निजामती सेवा ऐनको दफा ५८ र कर्मचारी समायोजन अध्यादेशको दफा २६ एकअर्कामा बाझिएको कर्मचारीहरूको दाबी छ ।

निजामती कर्मचारीहरुको ठूलो समूहले समायोजन अध्यादेशको विरोधमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय घेराउ गरेका छन् । अधिकृत र उपसचिव सहभागी रहेको झन्डै २ सय जनाको समूहले प्रधानमन्त्री कार्यालय र सामान्य प्रशासन मन्त्रालय घेराउ गर्दा केही समय मन्त्रालयका कर्मचारीमा आतंक र भय छाएको थियो । समायोजन स्वैच्छिक हुनुपर्ने, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको वृत्ति विकासको अवसर सुनिश्चित हुनुपर्ने लगायतका माग कर्मचारीहरुले राखेका छन् । सरकारले संसदलाई छलेर कर्मचारी समायोजन अध्यादेश ल्याएपछि कर्मचारीहरु आन्दोलित छन् ।

## भारतमा...

हुने लोकसभाको निर्वाचनमा जनताको मुड भाजपाविरुद्ध केन्द्रित हुँदै छ भन्ने पनि हो । यसले कांग्रेसलाई भाजपाविरुद्ध चुनावी अभियान तय गर्न सहयोग गर्नेछ भने भाजपा स्वयंलाई आफ्ना कमजोरीलाई सच्याएर अघि बढ्न मौका मिलेको छ । सन् २०१३ को निर्वाचनको नतिजाको तुलनामा यस वर्ष राजस्थान, मध्यप्रदेश र छत्तीसगढमा जुन सफलता हात लागेको छ, यो निकै महत्वपूर्ण छ । त्यतिबेला २१ सिट जितेको मध्य प्रदेशमा १ सय सिट जितेको छ भने मत प्रतिशत ३३ बाट बढेर ३९ प्रतिशत पुगेको छ । मध्य प्रदेश र छत्तीसगढमा १५ वर्षदेखि र राजस्थानमा पाँच वर्षदेखि कांग्रेस सत्ताभन्दा बाहिर थियो ।

मध्य प्रदेशमा भाजपाभन्दा ८ प्रतिशत र राजस्थानमा १२ प्रतिशत कम भोट थियो, कांग्रेसको । छत्तीसगढमा १५ वर्षदेखि सत्ताभन्दा टाढा रहे पनि कांग्रेस भाजपाभन्दा धेरै पछि थिएन । उत्तर पूर्वमा भने कांग्रेसको अन्तिम गढ मिजोरम फुत्किएको छ । पछिल्लो एक दशकदेखि मिजोरममा कांग्रेस सत्तामा थियो । मिजोरममा मिजो नेसनल फ्रन्टले ४० मध्ये २६ सिट जित्यो र ३७.६ प्रतिशत भोट पायो भने कांग्रेसले ५ सिटमा जित्दा ३० प्रतिशत भोट आफ्नो पोल्टामा पार्न सफल भयो ।

गत विधानसभा निर्वाचन र यसपटकको विधानसभा निर्वाचनमा मत प्रतिशतमा जुन परिवर्तन देखिएको छ, त्यसले आगामी वर्ष हुने निर्वाचनमा कुनै एक पार्टीको पूर्ण वर्चस्व नहुनेतर्फ संकेत गरेको छ । यसपटक चुनावी लहर भने कांग्रेसतर्फ ढल्किएको छ । यो प्रकारको मतपरिणामको स्विंग त्यसबेला देखिन्छ, जुनबेला कुनै पार्टीको पक्षमा लहर देखिन्छ । राजस्थान र मध्य प्रदेशको भोट प्रतिशतले भने कुनै पार्टीतर्फ ठूलो लहर आइनसकेको देखाउँछ । यद्यपि कांग्रेसको भोट प्रतिशतमा भएको बढोत्तरीले कांग्रेसतर्फ लहर फर्किने सम्भावना बढ्दै गएको देखाउँछ । तेलंगनामा कांग्रेसले टीडीपी र क्षेत्रीय पार्टीसँग गठबन्धन गरे पनि कुनै लहर देखिएन भने मिजोरममा कांग्रेस कमजोर बन्न पुगेको छ । यसले दक्षिण र उत्तरपूर्वमा भने कांग्रेस जनतालाई आफूतर्फ आकर्षित गर्न असफल भएको देखाउँछ । तीन हिन्दी भाषी राज्य राजस्थान, मध्यप्रदेश र छत्तीसगढमा सत्ताधारी भाजपाविरुद्ध लहर ल्याउन सफल हुनुका केही कारण छन् ।

राजस्थानमा सबैभन्दा महत्वपूर्ण कारण भाजपाकी मुख्यमन्त्री बसुन्धरा राजेविरुद्ध सत्ताविरोधी लहर थियो र मध्य प्रदेशमा सत्ताविरोधी लहर केन्द्र सरकार र राज्य सरकार दुवैका विरुद्ध थियो । यद्यपि यसको स्तर धेरै ठूलो थिएन तर भाजपा सरकारको नीतिले त्यहाँका जनतालाई फाइदा पुग्न सकिरहेको थिएन । छत्तीसगढमा कांग्रेसले आफ्नो घोषणापत्रमा किसानसँग गरेको वाचाले उसलाई सत्तामा पुऱ्याउन सहयोग पुग्यो । यी तीनवटै राज्यमा र देशका अन्य राज्यमा पनि किसानको व्यापक असन्तुष्टि छ । भारतीय कांग्रेसले यो निर्वाचनमा यस्तै रुष्ट किसानको बीचमा आफ्नो स्थान बनाउन सफल भयो र सबैभन्दा ठूलो सफलता छत्तीसगढमा प्राप्त भयो ।

खासगरी आगामी वर्षको लोकसभा निर्वाचनभन्दा अघि अब कुनै राज्यमा चुनाव हुन बाँकी छैन । त्यसैले पनि यो निर्वाचनको असर कम हुन समय लाग्नेछ । अब भाजपाभित्र सन् २०१९ मा हुने लोकसभा निर्वाचनअघि यो नतिजाको असर कम गर्न अमित शाहले के गर्न सक्छन् र उनका सामु कस्ता विकल्प बाँकी छन् भन्ने विषयमा बहस सुरु भइसकेको छ । जसरी सन् २०१४ को निर्वाचनमा उनले कांग्रेसको विरोधसँगै विकासको जुन सपना देखाएका थिए, त्यसलाई अब कसरी आगामी निर्वाचनको नतिजामा ढाल्ने गरी काम गर्छन् भन्ने कुरा हेर्न लायक हुनेछ । नेपालले आफ्नो संविधान बनाउँदा त्यसको विरोध गरी नेपालमाथि नाकाबन्दी जस्तो अमानवीय हर्कत गर्ने मोदी र भारतीय जनता पार्टीले लोकसभा निर्वाचन हारेको नेपाली जनता हेर्न आतुर छन् ।

## यसरी...

पुनः निरन्तरता दिइने निर्णय भएको छ । अभियानमा सरकारका गलत क्रियाकलापको भण्डाफोर गर्नुका साथै भ्रष्टाचार, महँगी, कालोबजारी र राष्ट्रघातको विरोध गरिएको थियो । निर्मला पन्तको बलात्कार र हत्या प्रकरणबारे सरकारको गम्भीर ध्यानाकर्षण गराउन मालेले संकल्प अभियानकै दौरानमा प्रदर्शन गरेको थियो । यसैगरी प्रतिवेदनमा केही पुराना कम्युनिस्ट पार्टी समूहहरुसँग सहकार्य गर्ने र एकताको सम्भावना खोज्ने पहल भइरहेको र अन्य राष्ट्रवादी, देशभक्त समूहहरुसँग पनि सहकार्यको प्रयत्न भइरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । नयाँ संविधान कार्यान्वयनका क्रममा आलोच्य बनेका, अति खर्चालु, भ्रष्टाचारको माध्यम र द्वन्द्वको स्रोत देखिएका राष्ट्रलाई कमजोर बनाउने तथा राज्य विखण्डनको आधार बन्न सक्ने कतिपय नीति र संरचनाको परिवर्तन गर्नुपर्नेतर्फ पनि छलफल, बहस अगाडि बढाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ । पार्टीका प्रमुख अंगका रुपमा रहेका बहस मोर्चाहरुलाई सक्रिय बनाउन विभिन्न पेशागत मोर्चाहरुको राष्ट्रिय भेला आयोजना गर्ने, नयाँ मोर्चाहरु गठन गर्ने सक्रिय बनाउने निर्णय गर्नुका साथै पार्टीको संरचना केन्द्रदेखि स्थानीय तह अर्थात् पालिका तहसम्म चुस्त, दुरुस्त राख्ने निर्णय बैठकले गरेको छ ।

वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिमा अग्रगामी परिवर्तनको लागि जनसंघर्ष, सडक संघर्षलाई पहिलो साधन ठान्दै संसदीय संघर्षलाई उपयोग गरेर अघि बढ्ने नीति पार्टीले लिएको छ । महासचिवको प्रतिवेदनमा भनिएको छ- 'हामीले कहिल्यै संसदबाटै क्रान्ति हुन्छ, संसदीय बाटोबाटै जनवाद वा समाजवाद आउँछ भन्ने सोचविचार, सिद्धान्त र नीति लिएका छैनौं । हाम्रो विचार र व्यवहार समाज परिवर्तनको निम्ति संसदलाई सदुपयोग गर्ने हो जो आज आवश्यक र सही छ । यो कुनै पनि आधारमा संसदवाद होइन ।'

पार्टीले मार्क्सवाद, लेनिनवाद माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनलाई आफ्ना वैचारिक हतियार र मार्गदर्शकका रुपमा लिएको छ । बैठकले महासचिवको राजनीतिक प्रतिवेदन पारित गर्नुका साथै पोलिटब्युरो बैठकका निर्णयहरु अनुमोदन गरेको छ । संकल्प राजनीतिक अभियानको समीक्षा, आगामी योजना, प्रदेश कमिटीका सचिवहरुद्वारा प्रतिवेदन प्रस्तुति, संगठन सुदृढीकरणका विषयमा महत्वपूर्ण निर्णय गर्नुका साथै केही केन्द्रीय विभाग तथा प्रदेश कमिटीहरुको पुनर्गठन गर्ने निर्णय गरेको छ । बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा महत्वपूर्ण प्रस्तावहरु पनि पारित गरेको छ ।

## मेलम्चीको...

गरेपछि मन्त्रीले झापट समेत हानेकी थिइन् । षड्यन्त्र भइरहेको पोल खोल्ने विदेशी नागरिकलाई गिरोहले द्वारिका होटलमा थुनेर राखेको र गौशाला वृत्तका प्रहरीले निजलाई होटलबाट मन्त्रालय पुऱ्याएपछि ठेकेदार कम्पनीका व्यक्तिहरु ठमेलको होटलमा रहेको सूचना उनले दिएका थिए । उनकै सूचनाको आधारमा ठेकेदारका प्रतिनिधिलाई फेला पारी पासपोर्ट नियन्त्रणमा लिइएको थियो । ठेकेदारलाई रकम भुक्तानी दिई मोटो कमिसन असुल्ने दाउमा सबै मन्त्रालयको कामकारबाहीमा चासो राख्दै आएका उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलको पनि भित्री साँठगाँठ र प्रोत्साहन रहेको दाबी विशेष सूत्रको रहेको छ ।

यसैबीच खानेपानी मन्त्री बिना मगर तथा मेलम्ची आयोजनाले इटालियन ठेकेदारले ठेक्का सम्झौता रद्द गरे पनि फास्ट ट्रयाकबाट नेपाली ठेकेदार नियुक्ति गरी समयमै काम सम्पन्न गर्ने जानकारी गराएका छन् । ठेकेदार कम्पनीले एकतर्फी ठेक्का रद्द गरे कम्पनीले राखेको दुई अर्ब बैंक धरौटी जफत गर्ने निर्णय आयोजनाले गरेको छ ।


तेस्रो धार

# दोस्रो विश्वयुद्ध अन्त्य गरेको स्टालिनग्राद युद्ध

दोस्रो विश्वयुद्ध रोक्ने स्टालिन ग्रादको ऐतिहासिक युद्ध आफैमा आश्चर्यलाग्दो छ । यो आफैमा जति अद्वितीय छ, उत्तिकै कारुणिक पनि । तर यो त्यतिबेलाको एक अनिवार्य युद्ध नै बन्न पुग्यो । यसका पछाडी जर्मनीको उदाउँदो फासिवाद, अमेरिका र बेलायतको पहिलो विश्वयुद्धको छायाँसहितको त्रसित मनोभाव र तेस्रो ध्रुवमा लाखौंको बलिदानबाट निर्मित सोभियत समाजवादी सत्ताको रक्षा र विकासको गम्भीर दायित्व ।

२३ अगस्ट सन् १९४२ मा सुरु भएको रसियामाथिको जर्मनी फौजी अतिक्रमण २ फेब्रुअरी १९४३ मा रसियाका अगाडि जर्मन आत्मसमर्पणपछि सकिएको थियो । त्यतिबेला विजयको रहस्य बनेको सोभियतमा विजयका लागि के कुराहरु निर्णायक र प्रेरक थिए त ?

**हजार सतहत्तर विमानभेदी रेजिमेन्ट** : यो हजारसतहत्तर विमानभेदी रेजिमेन्ट युवा महिलाको मात्र बनाइएको थियो । ती महिलाहरु सबै हाइस्कुल उमेरका थिए । उनीहरुको जिम्मा भनेको जर्मनको १६औं पान्जर डिभिजनलाई क्षतबिक्षत बनाउनु थियो । जब जर्मनको १६औं पान्जर डिभिजनले स्टालिनर्ग्रादको ट्र्याक्टर फ्याक्ट्रीमाथि आक्रमण थाल्यो, युवा महिलाको यो हजार सतहत्तर विमाानभेदी रेजिमेन्टले तीमाथि भीषण आक्रमण गरे । तिनीहरु आफूसँग भएका थोरै हतियार लिएर दुईदिनसम्म जर्मनका ट्यांकसहितका सेनाहरुसँग लडे ।




महिलाहरुको यो युद्धकला देखेर जर्मन सेनाहरु आफैमा भयभित भएका थिए । ती महिला सेनानीहरुले जर्मनका ८३ ट्यांक, १५ थल साधनहरु र ३ बटालियन जर्मन सेना ध्वस्त पारे । यसका साथै १४ विमानहरु खसालिदिए ।

**स्टालिनग्राद ट्र्याक्टर फ्याक्ट्री** : स्टालिन ग्रादमा रहेको ट्र्याक्टर फ्याक्ट्री वास्तवमा रसियाका लागि हतियार तथा बन्दोबस्तीका सामानहरु उत्पादन गर्नका लागि थियो । यहाँ यति धेरै काम यस्तो रफ्तारमा गरिन्थ्यो कि लडाइँमा भएका र बिग्रिएका ट्यांकरहरु तथा अन्य साधनहरु निकै छिटो यहाँ पुर्याएर मर्मत गरिन्थ्यो । मर्मत गरिएका सबै सामानहरु बेलैमा लडाइँमा लगिन्थ्यो । यसले लडाइँमा ठूलो टेवा पुर्याएको थियो ।

**मायायेभ कुर्गन** : मायायेभ कुर्गनमा सबैभन्दा धेरै जनधनको क्षति भएको थियो । भनिन्छ, यदि पृथ्वीमा कहींकतै यति धेरै जनधनको क्षति भएको छ भने त्यो रसियाको मायायेभ कुर्गन नै हो । यहाँ जर्मनको छैटौं बटालियनले आक्रमण गरेको थियो । सहरको लगभग मध्य भागमा यो आक्रमण भएको थियो । जर्मनको अति क्रुर आक्रमणका विरुद्धमा रसियाले १३ औं डिभिजन परिचालन गरेर आफ्नो शक्ति केन्द्रित गरी भीषण प्रत्याआक्रमण गरेको थियो । यति बेलासम्म यहाँ दशहजार मानिसहरु मारिइसकेका थिए ।

**पाब्लोको घर** : जर्मनी आक्रमणलाई थेग्न एक मोर्चामा २४ वर्षको युवालाई एक घरमा युद्ध मोर्चाको जिम्मा दिइएको थियो । यो घर बोल्गा नदीको किनारमा अवस्थित थियो । उसलाई युद्धको अग्र मोर्चामा कसरी लडिन्छ भन्ने शायद कमै मात्र थाह थियो । उसँग एकदमै कम सेना थिए । र हतियार पनि कम नै थिए । तर जर्मनका तोप र ट्यांकहरुले भत्काउँदै गरेको घर निर्माण गर्दै लड्दै गरेर उसले निकै सफलताका साथ लडाइँ लड्यो । अन्त्यमा जम्मा २५ जना लालसेनाले जर्मनहरुलाई हटाएर त्यो घर बचाएर राखे । त्यसलाई आज पनि पाब्लोको घर भनिन्छ । यो घरमाथि जर्मन सेनाले लगातार तीन महिनासम्म आक्रमण गरिरहेको थियो । तर यो एक अभेद्य किल्लाका रुपमा अडिग राखियो ।

**हवाई सहयोग** : साभियतले यति धेरै सेना परिचालन गरेको थियो कि उनीहरुको रासनका लागि धेरैभन्दा धेरै खाद्यान्न आवश्यक हुने गर्दथ्यो । यसका साथै जर्मनी सेनाका लागि जर्मनले गरेको खाद्यान्न सप्लाई कटाउनु थियो । संघर्षका क्रममा दुईलाख तीस हजार जर्मन सेनाहरु स्टालिनग्रादमा थुनिएका थिए । अब जर्मन सेना हायलकायल पर्न थालिसकेको थियो ।

**बहादुर जनरलहरू** : जर्मनले आक्रमण गर्नुपूर्व जनरलहरु चयनका लागि सोभियतलाई निकै हम्मेहम्मे परिरहेको थियो । यसै बेला भ्यासिली जेट्सेभ, जो एक सामान्य किसान परिवारमा जन्मिएका थिए, ले एउटा सैन्य बटालियनको नेतृत्व गरेका थिए । युराल पर्वतमा जन्मिएका उनी आफ्ना सिकारी बाजेबाट मार हान्ने कला सिकेका थिए । उनले हरिण तथा ब्वाँसाहरु मारेर सिकार गर्दा निकै निशानबाज बनिसकेका थिए । उनले यो युद्धमा स्नाइपर मार्फत् जर्मनहरुमाथि आक्रमण गरेर धुलो चटाएका थिए ।

**हिउँदको साथ** : रसियाको जनजीवन निकै कठिन थियो । हिटलरले लडाइँ हिउँदको चर्को जाडो अगाडी नै सकिने छ भनी अनुमान गरेका थिए । तर युद्ध रसियाको रणनीतिक प्रतिरोधका कारणले लम्बियो । रसियाको भूमि स्टालिनग्रादमा जाडोले सातो लिन थाल्यो । तापक्रम माइनस ३० डिग्री सेन्टीग्रेडसम्म पुग्यो । त्यसपछि जापानीहरुलाई सोभियतको भूमि र मौसमले दुवैले साथ दिन छाडे । सोभियतले आक्रामक रुपमा आफ्नो आक्रमणलाई अघि बढयो । करीब तीनलाख बीस हजार जर्मनी सेनाले स्टालिनग्रादमा आत्मसमर्पण गरेपछि औपचारिक रुपमै दोस्रो विश्वयुद्ध समाप्त भएको थियो ।

## पाउल...

मेसिन रोटरी क्लब डिल्लीबजारका पूर्वअध्यक्ष सुरेन्द्र ढकालले उक्त विद्यालयकी व्यवस्थापन समितिका अध्यक्ष इन्दिरा सापकोटालाई एक समारोहका बीच हस्तान्तरण गर्नुभएको छ । दैनिक ६ हजार लिटर पानी शुद्धीकरण गर्ने उक्त मेसिन हस्तान्तरणको अवसरमा क्लबका वर्तमान अध्यक्ष रोटेरियन पुण्य पौडेल तथा पूर्वअध्यक्ष खगेन्द्र ढकाल उपस्थित हुनुहुन्थ्यो । मेसिन जडान भएपछि विद्यालय वरपरका समुदायहरुले पनि शुद्ध खानेपानी पिउन पाउने भएका छन् ।

## राष्ट्रपति...

फिर्ता गरेर उदारता र महानताको उदाहरण पेस गरेका छन् । हुन त अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि राज्यबाट तलब लिएका छैनन् । ट्रम्स असाध्य धनाढ्य भएकाले उनलाई तलबको आवश्यकता पर्ने कुरा भएन । तर मेक्सिकन राष्ट्रपति ओब्राडोर सामान्य आर्थिक हैसियतबाट वाम राजनीतिमा आएका व्यक्ति हुन् ।

उनले यही डिसेम्बर १ तारिखबाट लागू हुने गरी राज्यकोषबाट आफूले प्राप्त गरेको तलबको एकतिहाई फिर्ता गर्न थालेका हुन् । उनले अघिल्लो दुई साताको २९ प्रतिशत तलब फिर्ता गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । उनले आफ्नो मासिक तलब ५ हजार ३७३ पुगेको र मितव्ययी भई सदुपयोग गर्ने योजना बनाएका जानकारी दिएका छन् । उनले सर्वोच्च अदालतका न्यायाधीशसहित सार्वजनिक सेवामा रहेका अन्य उच्च पदाधिकारीहरुलाई पनि आफ्नो तलब सामाजिक सेवामा लगाउन आह्वान गरेका छन् । नेपालकी कम्युनिस्ट राष्ट्रपतिले विलासी जीवन रोजिरहँदा मेक्सिकन राष्ट्रपति ओब्राडोरले भने सार्वजनिक सेवामा आफूलाई समर्पण गरिरहेका छन् ।

## शिक्षामा...

गरेको छ । विगतका दिनहरुमा पनि शैक्षिक सिण्डिकेट व्यापक रुपमा नै थियो । पन्चायत कालिन राजतन्त्रको समयमा भएगरेका कुराहरुको त कुरै नगरौं । तर वि.सं. २०४६ साल पछि नेपालमा प्रजातन्त्र आएपछि पनि शैक्षिक सिण्डिकेट व्यापक रुपमा नै रहिआएको देखिन्छ । यसको ज्वलन्त उदाहरण हो- "हरेक सरकार परिबर्तन हुने वित्तिकै प्रत्येक जिल्लाका प्र.जि.अ र जि.शि.अ.हरुको सरुवा हुनु ।" अर्थात् प्रजातन्त्र कालमा स्थानीय सत्ताको त्रागडोर जिल्लामा रहन्थ्यो, जहाँ बाट सरकार आफू अनुकुलको शासन वा प्रशासन सन्चालन हुने गर्दथ्यो । जि.शि.अ.ले सधैं शिक्षक-कर्मचारीहरु नियुक्ति गर्दा राम्रो मान्छे हैन कि हाम्रो मान्छेहरुलाई नियुक्ति गर्दथ्यो । हिजो-आज किन दशौं लाख संख्यामा अस्थायी शिक्षक-कर्मचारीहरु थुप्रिएर रहेकाछन् त ? यो कुरा सर्बसाधरण सबै नागरिक समाजले स्पष्ट सँग बुझ्न सकिने कुरा हो । साँचो अर्थमा भन्ने हो भने शिक्षा क्षेत्रलाई आमुल परिवर्तन गरेर लैजाने दुरदृष्टि (भिजन) कही–कतैबाट पनि आउन सकेन । शिक्षा क्षेत्रमा फोहोर-मैलाको डंगुर मात्र थुप्रिदै आयो । परिणाम स्वरुप बर्तमान सरकारलाई त्यो फोहोर-मैलाको डंगुर पन्छाउन खुब हम्मे-हम्मे परिरहेको देखिन्छ ।

प्रजातन्त्रकालिन शिक्षा समितिहरु पनि केवल आलङ्कारिक वा नाम मात्रका थिए । त्यसो हुनु पनि स्वभाविकै थियो किनकि जि.शि.अ.ले आफू अनुकुलको जिल्ला शिक्षा समिति र विद्यालय व्यस्थापन समितिहरु गठन गर्ने गर्दथे । वास्तवमा यस प्रकारका शिक्षा समितिहरुमा विज्ञ र विशेषज्ञ व्यक्तित्वहरु रहेको स्वतन्त्र प्राज्ञिक थलो बन्न सक्नु पर्थ्यो, जहाँबाट स्वच्छ शैक्षिक अभ्यासहरु गरिनु पर्थ्यो । तर दुःखको कुरा हो त्यसो हुन सकेन । परिणाम स्वरुप सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्किन पुग्यो ।

हिजोआज फेरी नीजि स्तरका महँगा आवासीय विद्यालयहरु, विशेष गरेर बजार क्षेत्रहरुमा, सर्बत्र खोलिएका छन् । यी विद्यालयहरु शैक्षिक ब्यापारीकरणका लागि खोलिएका कारण यी विद्यालयहरुमा शैक्षिक माफियापन चर्को रुपमा देख्न सकिन्छ । शैक्षिक व्यापारको उदेश्यले खोलिएका विद्यालयहरुमा शैक्षिक माफियापन निम्तिनु समाजको लागि ठूलो घातक कुरा हो । किनकि नीति निर्माण तहका जिम्मेवार व्यक्तिहरु नै निजी क्षेत्रबाट खोलिएका विद्यालयहरुका संरक्षक एवं शेयर होल्डर वनेका देखिन्छन् । देशको नीति निर्माण तहमा बसेका उच्च ओहदाका व्यक्तित्वहरुले त्यसरी निजी स्तरबाट खोलिएका विद्यालयहरुको नत शेयर होल्डर भएर संलग्न हुन मिल्छ नत शिक्षामा ब्यापारीकरण गर्नु नै मिल्छ । त्यस प्रकारका निजी स्तरका विद्यालयहरु खासगरेर देशका सामन्त वर्ग वा हुनेखाने वर्गका मानिसहरुका लागि खोलिएका हुन् । ती निजी स्तरका महँगा विद्यालयहरु सर्वसाधारण वा गरीब जनताको हितमा खोलिएका होइनन् । त्यसैगरी "जेठा मामाको त भाङ्ग्राको धोती कान्छा मामाको त झन् के गति ?" भन्ने उखानमा भनिए झैं हिजो आज त शिक्षकहरुको पनि त्यही गति भएको देखिन्छ । किनकि शिक्षकहरुले पनि त्यही कुराको सिको गर्दै आफू सरकारी विद्यालयमा जागिर खाने तर आफ्ना छोरीहरुलाई चाँहि निजी स्तरका आवाशीय विद्यलयहरुमा पढाउने काम गर्न थालेका छन् । यस प्रकारको शैक्षिक माफियापनको परिणाम स्वरुप सामुदायिक वा सरकारी विद्यालयहरु विद्यार्थी विहिन भएर रीत्तिन थालेका छन् । केही सामुदायिक विद्यालयहरुमा विद्यार्थी भएपनि पढाइ हुदैन । यस्ता सामुदायिक विद्यालयहरुमा राज्यको उपस्थिति हुदैन । किनकि विद्यालयहरुमा विद्यालय निरीक्षकहरुले टेकेकै हुदैनन् । तिनै विद्यालयवाट काजमा खटिएका स्रोत व्यक्तिहरुलाई कसैले टेरपुच्छर लाउद}नन् । आलाङ्कारिक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरुलाई केवल हात्तीको देखाउने दाँत मात्र बनाइएका छन् । शिक्षकहरुको महासंघ केवल शिक्षक वर्गको हक, हित र अधिकार खोज्ने थलो मात्र बनेको छ । अव कसले विद्यालयको हितमा काम गर्ने हो त ? यो ठूलो चिन्ताको विषय बनेको देखिन्छ ।

## भारत...

पनि दूषित रहेको छ । यसरी विश्व स्वास्थ्य संगठनको अत्यधिक प्रदूषणयुक्त क्षेत्रहरूको सूचीमा भारतका १४ सहरहरू शीर्ष स्थानमा पर्दछन् । नेपालको काठमाडौं भने सो सूचीमा २०३औं स्थानमा रहेको छ । यसैकारण यस्तो हावाले सर्वसाधारणहरूलाई असहज मात्र नबनाएर तिनीहरूको ज्यानसमेत लिने चेतावनी धेरैपटक दिइएको छ । यसले दिल्लीका बासिन्दाको औसत आयु १० वर्ष घटाइरहेको युनिभर्सिटी अफ सिकागोको अध्ययनले देखाएको छ । त्यस्तै, फोहार पानी सेवन गर्दा त्यसले पनि वार्षिक २ लाख मानिसको ज्यान लिने गरेको पनि तथ्यांकमा उल्लिखित छ ।

दिल्लीमा मात्र नभएर देशभरका उद्योगबाट उत्पन्न हुने विषाक्त पदार्थ लापरबाहीपूर्ण जथाभावी फाल्न थालिएपछि यस्ता रसायनहरू स्थानीय कुवामा मिसिन पुग्दा अपांगताजस्ता गम्भीर समस्या देखापरिरहेको बताइएको छ । त्यस्तै, भारतको अर्को प्राविधिक क्षेत्र बैंलोरमा पनि अधिकांश पोखरी र खोलाहरूमा फिँजैफिँज देख्न सकिन्छ । त्यस्तै, हैदरावादमा पनि नदीहरूमा एन्टिबायोटिक रसायनहरू फालिने गरिएको पाइन्छ । यसरी सहरमा मात्र नभएर ग्रामीण क्षेत्र पनि दिल्ली बराबरकै धुवाँ, धुलो र प्रदूषणले व्याप्त रहेको छ । त्यसैगरी, हिन्दू धर्ममा अत्यन्तै पवित्र मानिने गंगा नदीसमेत २५ सय किलोमिटरसम्म नुहाउन वा पिउन लायक छैन । यता अत्यधिक कोइलाको उपयोगले पनि सबै जंगलहरू नाश भइरहेका छन् भने श्वास फेर्न नमिल्ने गरी हावा कालो हुने गरेको छ ।

वास्तवमा सरकारले गंगा नदी सफाइको कार्यक्रम सन् १९८६ मा सुरु भएको थियो भने दिल्लीका सार्वजानिक सवारी प्राकृतिक ग्यासयुक्त बनाउने अभियान पनि २० वर्ष अगाडि सुरु गरिएको थियो । त्यस्तै, अहिलेको सरकारले पनि पुनः प्रयोग गर्न मिल्ने ऊर्जा उत्सर्जनमा जोड दिँदै किसानहरूलाई खेतको फोहोर नजलाउन प्रोत्साहन राशि राखेको छ । यसका साथै प्रधानमन्त्री मोदीले सुरु गरेको शौचालय अभियानअर्न्तगत भारतमा ९ करोड शौचालय निर्माण भएका छन् जसलाई धेरै सकारात्मक रूपमा लिइएको छ । तर पनि भारत अझै सफा भएको छैन । किनकि, त्यहाँका नदी, हावा र सडकलगायत सबै क्षेत्रले यस्तैगरी प्राथमिकता नपाएसम्म अहिलेको अवस्थामा कहिल्यै सुधार आउन नसक्ने बताइएको छ ।

यस प्रकार भारतले पूरै अफ्रिका र दक्षिण अमेरिका बराबर फोहोर उत्पादन गरिरहँदा यसले बाँकी विश्वमा पनि उत्तिकै नकारात्मक प्रभाव पार्ने विज्ञहरूको भनाइ छ । रसायनयुक्त औद्योगिक फोहोर नदीमा फालिँदा र कार्बन डाइअक्साइडको उत्सर्जन बढ्दा विश्वमा ग्रीन हाउस ग्यास लगातार वृद्धि भइरहेको छ ।

यस विषयमा पहिले भारतले गरिबीका कारण आफूहरू फोहोर नियन्त्रणमा असफल भएको र अहिलेका विकसित देशहरू पनि कुनै समय यस्तै समस्याबाट गुज्रिसकेको बताउने गर्दथ्यो । तर, अहिले भने भारत विकासको स्तरमा धेरैमाथि पुगे पनि गरिब मुलुकहरू मध्येकै सबैभन्दा फोहोर र दूषित देशमा परिणत भइसकेको छ । वास्तवमा ऊर्जा निकाल्न कोइलाको प्रयोग गर्नाले भारतलाई धेरै आत्मनिर्भर बनाइरहेको सरकारको मान्यता छ तर यसैले त्यहाँको आकाश झन् कालो भइरहेको छ ।

## हार्दिक समवेदना



यस ग्रेटर नेपाल साप्ताहिकमा आफ्ना अमूल्य कविता पठाइ योगदान गर्ने आदरणीय दाजु (मामाको छोरा) **प्रकाश चालिसे** को ६३ वर्षको अल्पायुमा यही पुस ३ गते मंगलबार असामयिक निधन भएकोमा मृतात्माको चीर शान्तिको कामना गर्दै शोक संतप्त परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

**सुरेन्द्र ढकाल**

तथा ग्रेटर नेपाल साप्ताहिक परिवार